# *छाउघर* उपन्यासको लैङ्गिक अध्ययन


विद्या कोइराला

परीक्षा क्रमाङ्क : २८७१०३५४ /०७३

त्रि. वि. दर्ता नं. : ९-२-५९०-२०-२०१०


त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको पाठ्यांश नेपा. शि. ५४४ को प्रयोजनार्थ प्रस्तुत

शोधपत्र


नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर


२०७४/२०१७

## प्रतिबद्धतापत्र

यस शोध प्रतिवेदनभित्रका सामग्रीहरू कहीँ कतैबाट साभार गरिएको छैन । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ यो शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

......................

विद्या कोइराला

शोधार्थी

मिति : २०७४/११/०२

## सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा. शि. ५४४ को प्रयोजनार्थ प्रस्तुत ***छाउघर उपन्यासको*** **लैङ्गिक अध्ययन** शीर्षकको शोधकार्य शोधार्थी विद्या कोइरालाले मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार गर्नुभएको शोधकार्य आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.........................

डा. राजेन्द्र खनाल

(शोधनिर्देशक)

मिति : २०७४/११/०३

Feb 15, 2018

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**नेपाली भाषा शिक्षा विभाग**

**कीर्तिपुर**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा. शि. ५४४ को प्रयोजनार्थ प्रस्तुत '*छाउघर* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकको शोधकार्य स्नातकोत्तर उपाधिका लागि उपयुक्त भएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा. डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ...................... |
| २. | प्रा. महेश्वर न्यौपाने (शोध विशेषज्ञ) | ...................... |
| ३. | उपप्रा. डा. राजेन्द्र खनाल (शोधनिर्देशक) | ....................... |

मिति : २०७४/११/१६

Feb 28, 2018

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको पाठ्यांश नेपा. शि. ५४४ को प्रयोजनार्थ प्रस्तुत शोधपत्र तयार पारिएको हो । जुन शोधपत्रले लैङ्गिक अध्ययनसँग सम्बन्धित जिज्ञासु पाठक वर्गका लागि सहयोग पुऱ्याउने अपेक्षा राखेको छु । विविध कार्यव्यस्तताका वावजुद पनि मलाई लैङ्गिकताजस्तो नवीन विषयमा शोध अध्ययन गर्नका लागि उत्साहित गर्दै शीर्षक चयनदेखि शोधप्रस्ताव लेखन र शोधपत्रलाई अन्तिम स्वरूप दिने कार्यसम्म अमूल्य समय दिएर सहयोग पुऱ्याउनुहुने आदरणीय गुरू डा. राजेन्द्र खनालप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु। शोधप्रस्ताव कार्यमा आवश्यक परामर्शकासाथ महत्त्वपूर्ण सुझाव दिएर थप हौसल्ला प्रदान गर्नु हुने गुरूआमा डा. कुश्मिला भट्टराईप्रति आभारी छु ।

उपर्युक्त शोध शीर्षक स्वीकृत गरी शोधका लागि अवसर प्रदान गर्ने नेपाली भाषा शिक्षा विभाग र समयमा नै शोधप्रस्ताव स्वीकृत गरी शोधकार्यको थालनी गर्न सहयोग पुऱ्याउनु हुने नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख प्रा. डा. रामप्रसाद भट्टराईप्रति उच्च सम्मान प्रकट गर्दछु । शोध अध्ययनकै क्रममा उचित सल्लाह दिँदै सद्भाव राख्नुहुने आदरणीय गुरू प्रा. डा. पारसमणि भण्डारी तथा विभागका सम्पूर्ण गुरूवर्गप्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्रलाई पूर्णता दिन आवश्यक सहयोग पुऱ्याउने उपन्यासका लेखक राज सरगमप्रति आभारी छु। साथै आवश्यक सामग्री उपलब्ध गराएर सहयोग पुऱ्याउने त्रि. वि. केन्द्रीय पुस्तकालय, सी. आर. सी. पुस्तकालय र नेपाली भाषा शिक्षा विभागको विभागीय पुस्तकालयप्रति कृतज्ञ छु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको टाइप, सेटिङजस्ता प्राविधिक कार्यमा आवश्यक सहयोग पुऱ्याउनुहुने दाजु विराटमणि कोइरालालाई विशेष धन्यवाद दिन चाहन्छु ।

........................

विद्या कोइराला

शोधार्थी

मिति : २०७४/११/

## शोधसार

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको पाठ्यांश नेपा. शि. ५४४ को प्रयोजनार्थ प्रस्तुत शोधपत्र तयार पारिएको हो । प्रस्तुत अध्ययनका *छाउघर* उपन्यासमा प्रयुक्त समाजको अवस्था पहिचान गर्नु, *छाउघर* उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले *छाउघर* उपन्यसमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नुजस्ता उद्देश्यहरू रहेका छन् ।

प्रस्तुत शोधकार्यमा पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ । यसका लागि प्राथमिक स्रोतका रूपमा फाइनप्रिन्ट बुक्सद्वारा प्रकाशित *छाउघर* उपन्यासलाई लिइएको छ भने लैङ्गिक अध्ययनसँग सम्बन्धित पाठ्यपुस्तक, शोधप्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित लेखरचना सरकारी एवम् गैरसरकारी संघसंस्थाका प्रतिवेदन र विद्वान् विशेषज्ञ तथा शोध निर्देशकको राय सुझाव तथा परामर्शलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ । सात अध्यायमा संरचित प्रस्तुत शोधपत्रको अध्याय एकमा शोधपरिचय, अध्याय दुईमा सैद्धान्तिक प्रारूप र पूर्वकार्यको पुनरावलोकन, अध्याय तीनमा शोधविधि र प्रक्रिया, अध्याय चारमा *छाउघर* उपन्यासमा प्रयुक्त समाज, अध्याय पाँचमा *छाउघर* उपन्यासमा प्रयुक्त लैङ्गिक चेतना, अध्याय छमा लैङ्गिक दृष्टिले *छाउघर* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन र अध्याय सातमा सारांश, निष्कर्ष एवं उपयोगिता प्रस्तुत गरिएको छ । प्रस्तुत शोधकार्यलाई उपन्यासमा प्रयुक्त समाजको अवस्था पहिचान, लैङ्गिक चेतनाको विश्लेषण र उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कनमा सीमित गरिएको छ ।

*छाउघर* उपन्यासमा सुदूरपश्चिमको समाजमा पुरुष वर्गले महिलामाथि गरेको अन्याय, विभेद, धर्म संस्कृतिको नाममा गरिने विभेद, पितृसत्तात्मक मानसिकता, नारीमाथिको कुसंस्कार, पात्रहरूमा प्रतिशोधको भावना प्रस्तुत गरिएको छ । यस आधारमा हेर्दा त्यहाँका अधिकांश पात्रहरू रूढिवादी मानसिकताबाट ग्रसित रहेको पाइन्छ । लैङ्गिक दृष्टिकोणले महिला र पुरुषलाई फरकफरक तवरले हेरिएको छ । पितृसत्तात्मक सोच र अन्धविश्वासमा जकडिएको समाजका कुसंस्कार र नारीप्रतिको कुदृष्टिलाई प्रतिकार गर्दै स्वअस्तित्वसहित स्वतन्त्रताको बाटो अँगाली विद्रोह गर्न सकिने कुरा प्रस्तुत उपन्यासमा पाइन्छ । महिला सशक्तीकरणका दृष्टिकोणबाट हेर्दा पुरुषको तुलनामा महिला बढी सक्रिय भएको पाइन्छ । सामाजिक हक अधिकारका दृष्टिले असमान जीवन बाँचिरहेका

महिलाहरूलाई सशक्तीकरणका माध्यमबाट मूलधारमा ल्याउन आवश्यक छ भन्ने विचार उपन्यासमा पाइन्छ । भाषिक प्रयोगको दृष्टिकोणले हेर्दा सुदूरपश्चिममा प्रयोग हुने स्थानीय भाषा, आगन्तुक शब्दहरू, अनुकरणात्मक शब्द तथा ठेट नेपाली भाषाको प्रयोग गरिएको छ । सुदूरपश्चिममा पुरुषवादी समाजले महिलामाथि गरेको सामन्ती व्यवहारलाई उतार्न प्रस्तुत उपन्यास सफल रहेको छ । साथै महिलाहरूको उत्थान, आत्मनिर्भरता र स्वस्थ समाज निर्माणका लागि सङ्घर्षको आवश्यकता छ भन्ने सन्देश दिइएको छ ।

## विषयसूची

### अध्याय एक

**शोधपरिचय** **१ - ५**

१.१ पृष्ठभूमि १

१.२ समस्याकथन २

१.३. अध्ययनको उद्देश्य २

१.४. अध्ययनको सान्दर्भिकता र उपादेयता ३

१.५. शोधकार्यको परिसीमा ४

१.६ अध्ययनको रूपरेखा ५

### अध्याय दुई

**पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप** **६ - २८**

२.१ पूर्वकार्यको पुनरावलोकन ६

२.१.१ सम्बन्धित पुस्तक तथा पत्रपत्रिकाको पुनरावलोकन ६

२.१.२ शोधकार्यसँग सम्बन्धित अध्ययनको पुनरावलोकन ८

२.२ लैङ्गिक अध्ययनको सैद्धान्तिक प्रारूप १६

२.२.१ लैङ्गिकताको परिचय १६

२.२.१.१ प्राकृतिक लिङ्ग (सेक्स) १८

२.२.१.२ सामाजिक लिङ्ग (जेन्डर) १८

२.२.२ लैङ्गिकताको परिभाषा २१

२.२.३ लैङ्गिक अध्ययनको क्षेत्र २२

२.२.४ लैङ्गिक अध्ययनका आधारभूत मान्यताहरू २२

२.२.५ लैङ्गिक भूमिका २३

२.२.५.१ उत्पादक भूमिका २४

२.२.५.२ पुनरुत्पादक भूमिका २४

२.२.५.३ सामुदायिक भूमिका २४

२.२.६ लैङ्गिक समानता र समता २५

२.२.६.१ लैङ्गिक समानता २५

२.२.६.२ लैङ्गिक समता २६

२.२.७ सशक्तीकरण २७

२.२.८ लैङ्गिकताको भाषा २८

**अध्याय तीन**

**अध्ययनविधि र प्रक्रिया २९ - ३०**

३.१ अध्ययनविधि २९

३.२ अध्ययनको क्षेत्र २९

३.३ तथ्याङ्क सङ्कलनका साधनहरू २९

३.४ सामग्रीका स्रोतहरू २९

३.४.१ प्राथमिक स्रोत २९

३.४.२ द्वितीयक स्रोत ३०

३.५ विश्लेषण प्रक्रिया ३०

**अध्याय चार**

***छाउघर* उपन्यासमा प्रयुक्त समाज ३१ - ३८**

४.१ *छाउघर* उपन्यासमा प्रयुक्त समाजको अवस्था ३१

४.२ भूमिकापरक अध्ययन ३३

४.२.१ उत्पादक भूमिका ३४

४.२.२ पुनरुत्पादक भूमिका ३५

४.२.३ सामुदायिक भूमिका ३५

४.३ लैङ्गिक हिंसा ३६

४.४ लैङ्गिक विभेद ३७

**अध्याय पाँच**

**उपन्यासमा प्रयुक्त लैङ्गिक चेतना** **३९ - ४२**

५.१ लैङ्गिक समानता ३९

५.२ वैचारिक परिवर्तन ४०

५.३ उपन्यासमा सशक्तीकरण ४०

**अध्याय छ**

**उपन्यासमा प्रयुक्त लैङ्गिकताको भाषा** **४३ - ५०**

६.१ विभेदमूलक भाषा ४३

६.२ हिंसाजन्य भाषा ४७

६.३ सन्तुलित भाषा ४८

**अध्याय सात**

**सारांश, निष्कर्ष एवं उपयोगिता** **५१ - ५४**

७.१ सारांश ५१

७.२ निष्कर्ष ५२

७.३ उपयोगिता ५३

७.३.१ नीतिगत तह ५३

७.३.२ प्रयोगगत तह ५४

**सन्दर्भसूची**

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# अध्याय एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

सामान्यतया कुनै पनि विषयमा गरिने व्यवस्थित तथा वैज्ञानिक अध्ययनलाई अनुसन्धान भनिन्छ । यसलाई अर्को शब्दमा शोध पनि भनिन्छ । अनुसन्धान भनेको कुनै कुराको खोज गर्नु, नयाँ कुरा पत्ता लगाउनु, नयाँ धारणालाई प्रमाणित गर्नु अथवा पुराना तथ्यलाई पुनर्व्याख्या गर्नु हो (भट्टराई, २०७३ : १) । यसरी कुनै विषय क्षेत्रमा नयाँ ज्ञान प्राप्तिका लागि गरिने तथ्यपूर्ण र व्यवस्थित प्रयास नै अनुसन्धान हो । नेपाली बृहत् शब्दकोशले पनि अनुसन्धानलाई शुद्ध पार्ने वा चोख्याउने काम, कुनै पनि विषयमा गहन अध्ययनकासाथ गरिने खोज भनेर अर्थ्याएको पाइन्छ ।

लैङ्गिक अध्ययनले मूलतः पुरुष र महिलाबीचको जैविकीय भिन्नतामा केन्द्रित रहेर गरिने अध्ययनलाई जनाउँछ । लिङ्गले जैविक विशेषताहरूलाई जनाउँछ, जुन जन्मजात निर्धारित हुन्छन् । जस्तै- महिला र पुरुष । यो प्राकृतिक रूपमा नै निर्धारित हुने कुरा हो । यसको निर्माणमा सामाजिक, सांस्कृतिक तत्त्वहरूको कुनै किसिमको भूमिका हुँदैन तर लैङ्गिकता समाजिक सांस्कृतिक रूपले निर्माण हुन्छ । सामाजिक सांस्कृतिक मूल्यमान्यता आदिका आधारमा महिला र पुरुषलाई हेर्ने दृष्टिकोण नै लैङ्गिकता हो । यसले महिला र पुरुषको सामाजिक भूमिकालाई जनाउँछ, त्यसैले यसलाई सामाजिक लिङ्ग पनि भनिन्छ । लिङ्गका आधारमा महिला र पुरुषको भूमिकाको भिन्नता रहन्छ र रहनुपर्छ भन्ने सामाजिक मूल्यमान्यताको समष्टि रूपलाई लैङ्गिकता भनिन्छ ।

लैङ्गिक अध्ययन महिला र पुरुषको शैक्षिक, सामाजिक, आर्थिक, राजनीतिक अवस्था, विभिन्न मूल्यमान्यताहरू, महिला र पुरुषबीच गरिएको श्रम विभाजन, यिनीहरूको स्रोतसाधनमाथि पहुँच एवम् नियन्त्रण आदिको अध्ययन, अनुसन्धान, विश्लेषण गर्ने विषय हो ।

## १.२ समस्याकथन

अनुसन्धानको लागि छनोट गरिएको कुनै अनुसन्धेय विषयवस्तुलाई समस्याकथन भनिन्छ । समस्याको पहिचानबिना यस कार्यलाई निश्चित गन्तव्यमा पुऱ्याउन सकिँदैन । जुनसुकै विषयवस्तुको सम्बन्धमा हालसम्म प्रकाशमा नआएका कुराहरूलाई प्रकाश पार्नु मात्र नभई प्रकाशमा आएका कुराहरूलाई पुनर्मूल्याङ्कन गर्नु पनि अनुसन्धानको सन्दर्भमा समस्या हो । प्रस्तुत शोधकार्य पनि खासखास समस्यामा केन्द्रित रहेको छ । *छाउघर* उपन्यासमा लैङ्गिकताको सम्बन्धमा के-कस्ता आधारहरू प्रस्तुत गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासा मूल समस्याको रूपमा रहेको छ । यसका साथै लैङ्गिक दृष्टिले *छाउघर* उपन्यासमा के-कस्ता मौलिकपन रहेका छन् ? समाजमा आधिपत्य जमाइराखेको पुरुषवादको जरो उखेल्नका लागि के-कस्ता विषयवस्तु प्रस्तुत गरिएका छन् ? त्यसको लैङ्गिक अध्ययन गर्नु नै यस शोधकार्यको मुख्य उद्देश्य रहेको छ । यसै अध्ययनलाई केन्द्रमा राखी निम्नलिखित समस्याहरूको विश्लेषण गरी शोधको समस्या समाधान गरिएको छ :

क) *छाउघर* उपन्यासमा प्रयुक्त समाजको अवस्था कस्तो रहेको छ ?

ख) *छाउघर* उपन्यासमा के-कस्तो लैङ्गिक चेतना पाइन्छ ?

ग) लैङ्गिक दृष्टिले *छाउघर* उपन्यासमा प्रयुक्त भाषा कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

समस्याकथनमा उठाइएका मूलभूत प्रश्नहरूको समाधान नै उद्देश्य हो । अर्थात् कुनै पनि विषयवस्तुमा गर्न लागेको शोधको प्राप्ति नै त्यसको उद्देश्य हो । शोधकार्यको उद्देश्य शोधसमस्यामा केन्द्रित हुने भएकाले त्यसैका आधारमा उद्देश्यको निर्धारण गर्नुपर्दछ । तसर्थ *छाउघर* उपन्यासमा रहेको लैङ्गिक चेतनाको अध्ययन विश्लेषण गर्नु यस शोधको उद्देश्य रहेको छ । प्रस्तुत शोधसमस्या समाधानका लागि निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) *छाउघर* उपन्यासमा प्रयुक्त समाजको अवस्था पहिचान गर्नु ।

ख *छाउघर* उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण गर्नु ।

ग) लैङ्गिक दृष्टिले *छाउघर* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

शोधार्थीले आफूले गर्न लागेको शोधको सान्दर्भिकतामाथि प्रकाश पार्नुलाई अध्ययनको सान्दर्भिकता र उपादेयता भनिन्छ । अनुसन्धानको माध्यमबाट आफूले अध्ययन वा अनुसन्धान गर्ने मापदण्ड के कस्तो छ भनी उपयुक्त तथ्य र कारण पत्ता लगाई प्रस्तुत गर्नु अनुसन्धानको मुख्य सान्दर्भिकता हो । नेपाल एक लैङ्गिक विभेदले युक्त मुलुक हो । देशको कुल जनसङ्ख्याको झन्डै आधाभन्दा बढी हिस्सा महिला भए पनि प्रायः सबै क्षेत्रमा पुरुषको दाँजोमा महिला सहभागिता न्यून छ । सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक हरेक क्षेत्रमा महिला पछाडि परेका छन् । वर्तमान समयमा हरेक क्षेत्रमा महिला सहभागिता वृद्धि गर्न अर्थात् महिलालाई अगाडि ल्याउन विभिन्न किसिमका समावेशी पहलहरू हरेक तहबाट भईरहेका छन् । यद्यपि महिलाले वर्षौदेखि यस समाजमा पुरुषशोसित भएर भोग्नु परेका पीडाहरूप्रति सचेत भई आफ्ना आवाज बुलन्द गराउनका लागि यो शोधकार्यले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । प्रस्तुत शोधकार्य *छाउघर* उपन्यासको लैङ्गिक अध्ययनमा केन्द्रित रहेको हुँदा लैङ्गिक समानताको बारेमा जानकारी लिन, परम्परागत पितृसत्तात्मक धारणामा परिवर्तन गरी सामाजिक, सांस्कृतिक अन्धविश्वासको निराकरण गर्नका लागि औचित्यपूर्ण रहेको छ । लैङ्गिक दृष्टिकोणबाट *छाउघर* उपन्यासको विश्लेषण गरिने हुनाले पनि प्रस्तुत शोधकार्यको उच्च स्थान रहेको छ ।

प्रस्तुत शोधकार्यका सान्दर्भिकताहरूलाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएको छ :

क) लैङ्गिक समानताको स्थितिबारे जानकारी लिन,

ख) लैङ्गिक शिक्षाले पिछडिएको समाज र जकडिएको सांस्कृतिक अन्धविश्वास तथा कुरीति निराकरण गर्न सहयोग मिल्ने,

ग) लैङ्गिकतासम्बन्धी जान्न चाहने जिज्ञासु वर्गका लागि सहयोग मिल्ने,

घ) शिक्षण सिकाइमा लैङ्गिक चेतना, जागरण, महिला हक अधिकार प्रस्फुटन गर्नुका साथै जिज्ञासु पाठक तथा अध्ययनकर्ताहरूको अध्ययनमा उपयोगी हुने,

ङ) लैङ्गिक असमानता हटाउन आइपर्ने समस्या पहिचान हुने,

च) लैङ्गिक अध्ययनसम्बन्धी अन्य अध्ययन अनुसन्धान भए तापनि *छाउघर* उपन्यासको लैङ्गिक अध्ययन भएको नपाइएकाले यो अध्ययनीय विषयका रूपमा रहने,

## १.५ शोधकार्यको परिसीमा

शोधार्थीले प्रस्तुत गरेको शोध शीर्षकअन्तर्गत यी-यी कार्यहरू मात्र गर्न सकिन्छ भनी किटान गर्नुलाई शोधकार्यको परिसीमा भनिन्छ । अनुसन्धानको परिसीमाले अध्ययनले समेट्ने परिधि वा क्षेत्रलाई बताउँदछ (खनाल, २०७३ : २१७) । यो क्षेत्र व्यापक हुन्छ । त्यसैले निश्चित क्षेत्र पहिचान गरी अध्ययन गरेमा तथ्य प्रमाणका आधारमा निष्कर्ष निकाल्नसमेत सहज हुन्छ । लैङ्गिकताको क्षेत्र पनि व्यापक हुन्छ । यसका सबै पक्षहरूलाई समेटेर अध्ययन गर्न कठिनाइ हुने हुँदा निश्चित क्षेत्र र सीमा तोक्नु पर्दछ । तसर्थ प्रस्तुत शोध कार्यलाई निम्नानुसार सीमाङ्कन गरी अध्ययन गरिएको छ :

(क) प्रस्तुत अध्ययन राज सरगमको *छाउघर* उपन्यासमा रहेको लैङ्गिक अध्ययनमा केन्द्रित रहेको छ ।

(ख) प्रस्तुत अध्ययनमा लैङ्गिकताको प्रयोगको सर्वेक्षण गर्दा *छाउघर* उपन्यासलाई मात्र आधार बनाइएको छ ।

(ग) लैङ्गिक दृष्टिले *छाउघर* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्न प्रस्तुत अध्ययन केन्द्रित रहेको छ ।

(घ) प्रस्तुत अध्ययन *छाउघर* उपन्यासमा रहेको लैङ्गिक चेतनाको विश्लेषणमा केन्द्रित रहेको छ ।

(ङ) लैङ्गिक समालोचना र दृष्टिकोणको सैद्धान्तिक आधार निर्धारण, नारीवाद, महिला सशक्तीकरण, लैङ्गिक समानता लैङ्गिक भूमिका, सांस्कृतिक चेतना, महिला शिक्षा आदिमा केन्द्रित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत शोधकार्यलाई निम्नानुसारका शीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

अध्याय तीन : अध्ययनविधि र प्रक्रिया

अध्याय चार : *छाउघर* उपन्यासमा प्रयुक्त समाज

अध्याय पाँच : *छाउघर* उपन्यासमा प्रयुक्त लैङ्गिक चेतना

अध्याय छ : लैङ्गिक दृष्टिले *छाउघर* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन

अध्याय सात : सारांश, निष्कर्ष एवं उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई
# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

## २.१ पूर्वकार्यको पुनरावलोकन

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा यस अघि सम्पन्न गरिएका कार्यहरूको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको कमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०६४ : २८) । यसलाई पूर्वकार्यको पुनरावलोकन, पूर्व साहित्यको अध्ययन, साहित्यको पुनरावलोकन आदि नामले पनि चिनिन्छ । अनुसन्धान कार्य नयाँ होस्, नदोहोरियोस् भन्नका लागि पूर्वकार्यको पुनरावलोकन गरिन्छ । यसले अध्ययनलाई तथ्यपूर्ण, प्रामाणिक बनाउन, अनुसन्धान समस्यालाई स्पष्ट पार्न, सम्बन्धित विषयको ज्ञानको दायरा फराकिलो पार्न पनि सहयोग पुऱ्याउँछ । त्यसैले आफ्नो अध्ययन क्षेत्रसँग सम्बन्धित विषयवस्तुको बारेमा पूर्वकार्यको जानकारी राख्नु नितान्त आवश्यक छ । लैङ्गिकताको अध्ययनसँग सम्बन्धित विभिन्न खोज, अनुसन्धान, समालोचनात्मक ग्रन्थ तथा पत्रपत्रिकाहरूमा प्रकाशित लेखहरूको माध्यमबाट पूर्वकार्यको पुनरावलोकन गर्न सहयोग मिल्दछ । जसले अनुसन्धान कार्यलाई निश्चित गन्तव्यमा पुऱ्याउन सहयोग गर्दछ । प्रस्तुत शोधकार्यमा लैङ्गिक अध्ययनसँग सम्बन्धित लेख, रचना, समालोचनात्मक ग्रन्थ, पत्रपत्रिकामा प्रकाशित लेखहरूलाई पूर्वकार्यको पुनरावलोकनका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### २.१.१ सम्बन्धित पुस्तक तथा पत्रपत्रिकाको पुनरावलोकन

शर्मा (२०५५) ले *समकालीन समालोचना : सिद्धान्त र प्रयोग* ग्रन्थमा लिङ्ग प्राकृतिक कुरा नभएर समाज र संस्कृतिबाट परिपोषित स्वभाव र व्यवहारको रूपमा पाइने कुरा उल्लेख गर्दै पुरुषमा हुनुपर्ने गुण, निर्भरता, असङ्कोच, खरोपन रहेकाले उसलाई पुलिङ्ग र स्त्री जातिमा सरलता, अप्रतिरोध, सहनशीलता तथा सङ्कोच रहेकाले उसलाई स्त्री लिङ्ग जनाएको कुरा प्रस्तुत गरेका छन् । उक्त ग्रन्थको अध्ययनपश्चात् प्रस्तुत शोधकार्यमा लैङ्गिकतासम्बन्धी सामग्री सङ्कलन गर्नका लागि सहयोग लिइएको छ ।

खनाल (२०६६) द्वारा *पहेँलो गुलाफ कथामा लैङ्गिक चेतना* शीर्षकको लेखमा लैङ्गिक चेतनाको उद्घाटन गरिएको छ । उक्त लेखमा लैङ्गिकता प्राकृतिक नभई समाज,

संस्कृति र वातावरणबाट निर्मित पुरुष र महिलासम्बन्धी व्यवहार र धारणालाई बुझिने कुरा उल्लेख गरिएको छ । उक्त लेखमा पुरुषप्रधान समाजले महिलालाई यन्त्र र भोग्य पात्रको रूपमा लिइएको देखाउँदै पुरुषलाई गोही, स्याल, झुसिल्किरा, बिरालो, चील आदिको प्रतीकका रूपमा प्रयोग गरी पुरुषको क्रुर व्यवहार, कामुकता, निष्ठुरता र स्वार्थीपनप्रति व्यङ्ग्य गरिएको छ । पितृसत्तात्मक समाजमा महिलालाई भोग्य वस्तुका रूपमा लिई यौनिक शोषणको पराकाष्ठा महिलाले भोग्नु परेको कुरा दर्साउँदै त्यसको प्रतिवाद गर्न जागरुक हुनुपर्ने कुरा दर्शाइएको छ । उक्त लेखको अध्ययनपश्चात् प्रस्तुत शोधमा लैङ्गिकता सम्बन्धी सामग्री सङ्कलन गर्न र थप ज्ञान आर्जन गर्न सहयोग लिइएको छ ।

अर्याल (२०६८) ले आफ्नो *लैङ्गिक तथा महिलावादी अध्ययन* पुस्तकको अध्याय एकमा लिङ्ग र लैङ्गिकताको अवधारणा, लैङ्गिक विश्लेषण भूमिका र आवश्यकता, लैङ्गिक तथा महिला अध्ययनको ऐतिहासिक विकासक्रम, लैङ्गिक सामाजिकीकरण र महिला आन्दोलनजस्ता विषयवस्तुहरू समावेश गरेका छन् भने अध्याय दुईमा सामाजिक लिङ्ग शिक्षा, सामाजिक लिङ्ग र अर्थतन्त्र, सामाजिक लिङ्ग र राज्य, सामाजिक लिङ्ग र धर्म आदि विषयहरू समेटेका छन् । त्यसैगरी अध्याय तीनमा सामाजिक लिङ्ग र यौनिकता शीर्षकअन्तर्गत समलैङ्गिक र पृथक् लैङ्गिक आदि उपशीर्षकहरूमा रहेर लैङ्गिकताको विश्लेषण गरेका छन् । त्यस्तै अध्याय चारमा सामाजिक लिङ्ग महिलावाद र यौनिकताका दृष्टिकोणहरू, अध्याय पाँचमा सामाजिक लिङ्ग र महिलावादी अनुसन्धान पद्धति अध्याय छमा सामाजिक लिङ्ग र विकास, अध्याय सातमा लैङ्गिक न्याय, अध्याय आठमा नेपालको सन्दर्भमा लैङ्गिक अध्ययन र अध्याय नौमा नेपालमा लैङ्गिक अवस्था आदि शीर्षकहरूमा केन्द्रित रहेर लैङ्गिकतासम्बन्धी अध्ययन अनुसन्धान र चर्चा गरिएको पाइन्छ । उक्त ग्रन्थको अध्ययनपश्चात् प्रस्तुत शोधमा लैङ्गिकताको विकाससम्बन्धी कालक्रमिक अध्ययन र तथ्याङ्क सङ्कलनमा सहयोग लिइएको छ ।

पाण्डे (२०६९) द्वारा *नेपाली उपन्यासमा लैङ्गिकता* नामक समालोचनात्मक ग्रन्थमा नेपाली समाजमा नारी उत्पीडन, नारी शक्तिको अवहेलना र नारी जागरणलाई उपेक्षा गर्न शक्तिका विरुद्धमा लेखिएका औपन्यासिक कृतिहरूलाई प्रमुखता दिएको छ । नेपाली उपन्यासमा प्रतिपादित लैङ्गिकताको वैचारिक पक्षलाई नेपाली उपन्यासकै पक्षमा विवेचना गर्न उक्त कृतिले घोर प्रयास गरेको छ । नेपाली उपन्यासमा लैङ्गिकताको उपस्थिति कति

र कसरी छ भन्ने कुराको विश्लेषण पाण्डेको कृतिमा पाइन्छ । उक्त ग्रन्थको अध्ययनपश्चात् प्रस्तुत शोधको सन्दर्भमा *छाउघर* उपन्यासमा रहेको लैङ्गिक अवस्था पहिचान गर्न सहयोग पुगेको छ ।

आचार्य (२०७१) द्वारा *लैङ्गिक र महिलावादी अध्ययन* नामक पुस्तक प्रकाशित गरिएको  पाइन्छ । उक्त पुस्तकको अध्याय एकमा प्राकृतिक लिङ्ग र सामाजिक लिङ्गको अवधारणा, मानव इतिहास र सामाजिक लिङ्गको सामाजिक रचना, लैङ्गिक अध्ययनको ऐतिहासिक विकासक्रम, लैङ्गिक अध्ययन अन्तर विषयगत अवधारणाका रूपमा महिलावादी आन्दोलन विश्वव्यापि र नेपालमा, पितृसत्ता, स्त्रीत्व र पुरुषत्व, लैङ्गिक सामाजिकीकरण जस्ता विषयवस्तु समावेश गरिएको छ भने अध्याय दुईमा सामाजिक लिङ्ग र समाजिक संस्थाहरू शीर्षकअन्तर्गत समाजिक संस्थाको परिचय, सामाजिक लिङ्ग, विवाह र परिवार सामाजिक लिङ्ग र राज्यजस्ता उपशीर्षकहरूमा रहेर लैङ्गिकताको बारेमा व्याख्या विश्लेषण गरिएको छ । त्यस्तै अध्याय तीनमा सामाजिक लिङ्गको पहिचान र यौनिकता, समलिङ्गीयता र पृथक लिङ्गीयता, नेपाल र विश्वव्यापि रूपमा लेसवियन, गे, वायोसेक्सुयल, अङ्ग बदल्ने र अन्तर यौन सम्बन्धको अधिकार, यौनिकता र विश्वव्यापीकरण आदिजस्ता उपशीर्षकहरू रहेका छन् । त्यस्तै अध्याय चारमा सामाजिक लिङ्ग, महिलावाद र यौनिकताप्रतिका दृष्टिकोणहरू अध्याय पाँचमा सामाजिक लिङ्ग र महिलावादी विधि, अध्याय छमा सामाजिक लिङ्ग र विकास, अध्याय सातमा लैङ्गिक न्याय, अध्याय आठमा नेपाली सन्दर्भमा लैङ्गिक अध्ययन र अध्याय नौमा नेपालमा लैङ्गिक अवस्था आदि शीर्षकका विभिन्न उपशीर्षकहरूमा लैङ्गिकतासम्बन्धी अध्ययन र चर्चा गरिएको पाइयो । उक्त पुस्तकको अध्ययनपश्चात् प्रस्तुत शोधमा लैङ्गिकताको विकाससम्बन्धी कालक्रमिक अध्ययन गर्न सहयोग लिइएको छ ।

## २.१.२ शोधकार्यसँग सम्बन्धित अध्ययनको पुनरावलोकन

श्रेष्ठ (२०६७) द्वारा '*तीनघुम्ती* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा अध्ययन कार्य सम्पन्न भएको छ । उक्त अध्ययनमा *तीनघुम्ती* उपन्यासमा लैङगिक चेतनाको निर्क्योल गर्नु, उपन्यासमा लैङ्गिक चेतनाको प्रयोगबाट थपिएको नवीनताको विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले *तीनघुम्ती* उपन्यासको भाषाको विश्लेषण गरी सुझाव दिनुजस्ता उद्देश्य राखिएको छ । *तीनघुम्ती* उपन्यासमा लैङ्गिकताको सर्वेक्षण गर्दा *तीनघुम्ती* उपन्यासलाई

मात्र आधार बनाई सीमित क्षेत्रमा अध्ययन भएको छ । शोधकार्यमा सामग्री सङ्कलनका लागि पुस्तकालयीय अध्ययन गरिएको पाइन्छ । उक्त शोधकार्यमा *तीनघुम्ती* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा र अन्य लैङ्गिकतासम्बन्धी लेख, रचना, शोधग्रन्थ आदिलाई द्वितीयक स्रोतका रूपमा लिइएको पाइन्छ । यस अध्ययनमा *तीनघुम्ती* उपन्यासमा प्रस्तुत लैङ्गिक चेतनाको स्थिति पहिल्याउने कोसिस गरिएको पाइयो । उक्त शोधकार्यमा प्रस्तुत उपन्यास बाहिरी समाजकोभन्दा मान्छेको भित्री मनको चिरफार गर्ने फ्रायडीय मनोविज्ञानमा आधारित रहेको पाइयो । यस अध्ययनको शोधकार्यमा लैङ्गिक भूमिकाको आधारमा समानता र राजनीतिमा लैङ्गिक समानताको हिसाबले असमानता रहेको निष्कर्ष निकालिएको छ । समानताको हिसाबले हेर्दा उक्त अध्ययनमा पुरुष पात्रभन्दा महिला पात्रलाई बढी स्वतन्त्रता र प्रोत्साहन दिइएको पाइयो । महिला सशक्तीकरणका दृष्टिकोणबाट हेर्दा महिलालाई परम्परावादी सोच राखेर हेर्न नहुने कुरा इन्द्रमायाको जीवनमा आएका तीनवटा मोडबाट स्पष्ट देखिएको निष्कर्ष उक्त अध्ययनमा निकालिएको छ । उक्त शोधको अध्ययनपश्चात् *छाउघर* उपन्यासमा रहेको परम्परित सामाजिक मान्यताको पहिचान गर्न सहयोग पुगेको छ ।

महरा (२०६८) द्वारा 'निम्न माध्यमिक तह कक्षा छ र सातको नेपाली पाठ्यपुस्तकको लैङ्गिक अध्ययन' शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त शोधमा निम्न माध्यमिक तह कक्षा छ र सातको नेपाली पाठ्यपुस्तकको लैङ्गिक अवस्था पत्ता लगाउनु, उक्त पाठ्यपुस्तकमा समाविष्ट पाठमा महिला र पुरुषको भूमिका पत्ता लगाउनु, उक्त पाठ्यपुस्तकमा समाविष्ट पाठको विषयवस्तु, चित्र, नमुना अभ्यास, भाषामा रहेको लैङ्गिक अवस्था पत्ता लगाउनु, उक्त पाठ्यपुस्तकमा निर्दिष्ट पक्षहरूको लेखाजोखा गरी सुझाव दिनुजस्ता उद्देश्यहरू राखिएका छन् । यो अध्ययन जनक शिक्षा सामग्री केन्द्र लिमिटेडद्वारा मुद्रित निम्न माध्यमिक तह कक्षा छ र सातको नेपाली पाठ्यपुस्तक र निर्दिष्ट पाठ्यपुस्तकमा प्रयुक्त विषयवस्तु, चित्र, नमुना अभ्यास र भाषाका लैङ्गिक स्थितिको चित्रणमा सीमित रहेको पाइयो । पुस्तकालयीय अध्ययनको प्रयोग गरिएको उक्त शोधकार्यमा जनक शिक्षा सामग्री केन्द्रद्वारा मुद्रित कक्षा छ र सातको हाम्रो नेपाली किताबलाई प्राथमिक सामग्री र उक्त अध्ययनसँग सम्बन्धित शोधप्रतिवेदन तथा विद्वान्को राय सुझावलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको पाइयो । उक्त शोधकार्यमा कक्षा छको नेपाली पाठ्यपुस्तकलाई पाँच विधाअन्तर्गत २२ पाठ र कक्षा सातको नेपाली

पाठ्यपुस्तकका २३ पाठमध्ये १८ र २० पाठको मात्र लैङ्गिक दृष्टिले अध्ययन गरी व्याख्या विश्लेषण गरिएको पाइयो । उक्त अध्ययनमा पाठ्यपुस्तकको शैक्षिक पक्षहरू (विषयवस्तु, चित्र, भाषा र नमुना अभ्यास) लाई विस्तृत रूपमा अध्ययन गरी व्याख्या विश्लेषण गरिएको पाइन्छ । प्रस्तुत शोधकार्यमा निम्न माध्यमिक तहको कक्षा छ र सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तु, चित्र, नमुना अभ्यास, भाषामा लैङ्गिक विभेद जनाउने शब्दावली, वाक्य र केही उखान टुक्कासमेत प्रयोग गरिएको देखिन्छ । उक्त शोधको अध्ययनपश्चात् प्रस्तुत शोधमा सामग्री सङ्कलनका लागि सहयोग लिइएको छ ।

पौडेल (२०६९) द्वारा '*समानान्तर आकाश* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यमा लैङ्गिक अध्ययनको सैद्धान्तिक स्वरूपको परिचय दिनु, *समानान्तर आकाश* उपन्यासमा रहेको लैङ्गिक चेतना प्रस्तुत गर्नु, लैङ्गिक दृष्टिले *समानान्तर आकाश* मा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नुजस्ता उद्देश्य रहेका छन् । उक्त शोधकार्य *समानान्तर आकाश* उपन्यासमा रहेको लैङ्गिक चेतनाको प्रयोगमा केन्द्रित देखिन्छ । पुस्तकालयीय अध्ययनको प्रयोग गरिएको प्रस्तुत अध्ययनमा प्राथमिक स्रोतका रूपमा *समानान्तर आकाश* उपन्यास र द्वितीयक सामग्रीका रूपमा नेपाली उपन्यासमा लैङ्गिक चेतना र दृष्टिकोणबारे गरिएको अनुसन्धानात्मक ग्रन्थ, विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचना आदिलाई लिइएको छ । उक्त शोधकार्यमा नारीवादी उपन्यास भएको हुनाले समाजमा रहेको पितृसत्ताको तुवाँलोलाई हटाउन महिलाहरूको साहसिक कदम अगाडि बढेको, पारिवारिक, सामाजिक विद्रोहमार्फत समानान्तर आकाशको प्राप्ति भएको देखाइएको हुनाले विद्रोही चेतनाले प्रमुख स्थान पाएको छ भनी विश्लेषण गरिएको देखिन्छ । उक्त शोधकार्यमा उपन्यासमा लैङ्गिक भूमिकाको आधारमा हेर्दा उत्पादक र राजनीतिक भूमिकामा पुरुष र महिलाको समान सहभागितामा कमी रहेको भनी विश्लेषण गरेको देखिन्छ । उक्त शोधकार्यमा *समानान्तर आकाश* उपन्यासमा घरबाहिरका काम, कार्यालयका काम, समाज सुधार, राजनीतिक नेतृत्वका क्षेत्रमा नारीहरू पनि पुरुषजत्तिकै सक्षम हुने र सक्षमताका दृष्टिलेसमेत सफल हुन्छन् भनी निष्कर्ष निकालिएको छ । उक्त शोधको अध्ययनपश्चात् कृतिमा रहेको नारीवादी क्षमताको पहिचान गर्न सहयोग मिलेको छ ।

पौडेल (२०७०) द्वारा '*अनावृत्त* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त अध्ययनको उद्देश्य *अनावृत्त* उपन्यासमा रहेको लैङ्गिक

अवस्थाको पहिचान गर्नु, *अनावृत्त* उपन्यासको लैङ्गिक चेतना प्रस्तुत गर्नु, लैङ्गिक दृष्टिले *अनावृत्त* उपन्यासमा रहेको भाषिक मूल्याङ्कन गर्नु रहेको छ । यस अध्ययन प्रभा कैनीको *अनावृत्त* उपन्यासको लैङ्गिक पक्षमा केन्द्रित रहेको छ । साथै लैङ्गिक समालोचना र दृष्टिकोणका आधार निर्धारण, नारीवाद, महिला सशक्तीकरण, लैङ्गिक समानता र समता, लैङ्गिक भूमिका, सांस्कृतिक चेतना, महिला शिक्षा आदिमा केन्द्रित रहेको देखिन्छ । पुस्तकालयीय अध्ययन गरिएको उक्त कार्यका लागि प्राथमिक स्रोतका रूपमा *अनावृत्त* उपन्यासलाई लिइएको छ भने लैङ्गिक चेतनासँग सम्बन्धित लेख, रचना, शोधपत्र र पुस्तकहरूबाट प्राप्त सामग्रीलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ । उक्त अध्ययनमा लैङ्गिक दृष्टिकोणबाट हेर्दा उत्पादक भूमिका र अनुत्पादक भूमिकामा महिला र पुरुषको समान सहभागिता नभएको देखाइएको छ । पात्रगत तुलनामा पुरुष पात्रभन्दा महिला पात्र बढी रहेको, सुरुमा महिला पात्रले पितृसत्तात्मक सोचको समर्थन गरेको पछि विचार परिवर्तन भई पितृसत्ताको विरोध गरी स्वअस्तित्वसहित बाँच्ने प्रयास गरेको कुरा उल्लेख गरिएको पाइन्छ । उक्त शोधको अध्ययनपश्चात् प्रस्तुत शोधमा लैङ्गिक अध्ययनको बारेमा थप जानकारी प्राप्त गर्न सहयोग लिइएको छ ।

रोका (२०७०) द्वारा 'कक्षा आठको पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको लैङ्गिक अध्ययन' शीर्षकमा अध्ययन कार्य सम्पन्न गरिएको छ । जसमा लैङ्गिक विश्लेषणको आधार पहिल्याउनु, लैङ्गिक दृष्टिले कक्षा आठको पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन गर्नु, समाविष्ट विधामा प्रयुक्त भाषाको लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्नु, कथाका माध्यमद्वारा लैङ्गिक चेतनाको स्थिति पहिल्याउनु, उक्त विधामा लैङ्गिक समानता दर्शाउन आवश्यक सुझावहरू प्रस्तुत गर्नुजस्ता उद्देश्यहरू रहेका छन् । उक्त शोधकार्य पाठ्यक्रम विकास केन्द्रद्वारा निर्देशित कक्षा आठको नेपाली पाठ्यपुस्तकमा रहेका कथा विधामा लैङ्गिक चेतना र लैङ्गिक दृष्टिले भाषिक प्रयोगमा मात्र सीमित रहेको छ । उक्त शोधकार्य लैङ्गिक समालोचना सिद्धान्तलाई प्रमुख आधार बनाई सामाजिक, आर्थिक, राजनीतिक र धार्मिक आधारमा लैङ्गिक अवस्थालाई अध्ययन गरिएको देखिन्छ । यस अध्ययनका लागि पुस्तकालयीय अध्ययनको उपयोग गरिएको छ । जसमा जनक शिक्षा सामग्री केन्द्र लिमिटेडद्वारा मुद्रित कक्षा आठको हाम्रो नेपाली किताबलाई प्राथमिक सामग्रीका रूपमा र उक्त अध्ययनको शीर्षकमा सम्बन्धित रहेर गरिएको अनुसन्धानात्मक प्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित लेख, अप्रकाशित शोधप्रतिवेदन आदिलाई द्वितीयक सामग्रीका रूपमा

लिइएको पाइन्छ । उक्त अध्ययनमा निम्न माध्यमिक तह कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको कथावस्तुलाई सामाजिक, आर्थिक र शैक्षिक गरी विभिन्न क्षेत्रका आधारमा लैङ्गिक अवस्थाको अध्ययन गरिएको, समाजमा विद्यमान लैङ्गिक विभेद हटाउन के-कस्ता प्रकारका चेतना दिन खोजिएको छ ? उक्त कुराहरूको लैङ्गिक दृष्टिले व्याख्या विश्लेषण गरिएको कुरा उल्लेख गरेको देखिन्छ । उक्त अध्ययनमा हाम्रो समाजमा विद्यमान लैङ्गिक विभेद अन्त्य गरी महिला र पुरुषबीच समानता कायम गर्न समतामूलक समाजको अवधारणा विद्यार्थीमा पुग्ने खालका सामग्रीहरू, लैङ्गिक विभेदरहित पाठ्यसामग्री पाठ्यपुस्तकमा समाविष्ट गर्न आवश्यक रहेको छ भनी सुझावकासाथ निष्कर्ष निकालिएको पाइन्छ । उक्त शोधको अध्ययनपश्चात् प्रस्तुत शोधमा सामग्री सङ्कलन गर्न सहयोग पुगेको छ ।

भण्डारी (२०७१) द्वारा '*अनुराधा* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । जसमा *अनुराधा* उपन्यासको लैङ्गिक अवस्थाको पहिचान गर्नु, *अनुराधा* उपन्यासमा लैङ्गिक चेतनाको विश्लेषण गर्नु र *अनुराधा* उपन्यासको भाषिक अध्ययन गर्नु उद्देश्यका रूपमा रहेका छन् । लैङ्गिक अध्ययनका लागि *अनुराधा* उपन्यासमा मात्र केन्द्रित रहेको प्रस्तुत शोधकार्यलाई पूर्णता दिन पुस्तकालयीय अध्ययनको उपयोग गरिएको पाइन्छ । यस शोधकार्यमा प्राथमिक स्रोतका रूपमा विजय मल्लद्वारा लिखित *अनुराधा* उपन्यासलाई लिइएको छ भने लैङ्गिक अध्ययनसँग सम्बन्धित विभिन्न पुस्तक, लेख, रचना, शोधग्रन्थ, शोध निर्देशकको सुझाव तथा परामर्शलाई द्वितीयक स्रोतका रूपमा लिइएको देखिन्छ । उक्त अध्ययनमा परम्परावादी रूढिग्रस्त समाजको प्रभावमा परेर भौतिक सम्पन्नतालाई मात्र हेरेर छोरीको बिहे गर्ने चलनले गर्दा वैवाहिक जीवन विकृत बनाइदिने तथ्य अघि सारेको देखिन्छ । उक्त शोधकार्यमा *अनुराधा* उपन्यासमा लैङ्गिक भूमिका, लैङ्गिक चेतना, लैङ्गिक दृष्टिकोण आदिका आधारमा कृतिको विश्लेषण गरिएको छ । यस उपन्यासमा अनुराधालाई मुख्य र गतिशील पात्रको रूपमा प्रस्तुत गरी अनेक पीडा खपेर बस्दा पनि अन्त्यमा जवरजस्ती विवाह गरिदिन लाग्दा विद्रोह देखाएर नारी सशक्तीकरणको पक्षमा आवाज उठाइएको पाइन्छ । साथै हरेक क्षेत्रमा महिला र पुरुष समान भएको र पुरुष प्रवृत्तिलाई हावी बनाइएको, पात्रगत दृष्टिमा महिला र पुरुष लगभग समान रूपमा सहभागी रहेको साथै पितृसत्तात्मक सोचको विरुद्ध अनुराधाको विद्रोह देखाएर नारी अस्तित्व र स्वतन्त्रताको लागि विद्रोह गर्न सकिने कुरा देखाई लैङ्गिक समानताको पक्षमा उपन्यास

खासै सफल हुन नसकेको भनी निष्कर्ष निकालेको पाइयो । उक्त शोधको अध्ययनपश्चात् प्रस्तुत शोधमा सामग्री सङ्कलन गर्न सहयोग लिइएको छ ।

पौड्याल (२०७२) द्वारा '*ह्वाइट केन* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । जसमा *ह्वाइट केन* उपन्यासमा लैङ्गिक अवस्थाको पहिचान गर्नु, *ह्वाइट केन* उपन्यासको लैङ्गिक चेतना विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले *ह्वाइट केन* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु, *ह्वाइट केन* उपन्यासमा प्रयोग भएको समयौनिकता विश्लेषण गर्नुजस्ता उद्देश्यहरू रहेका छन् । उक्त शोधकार्य मनिषा गौचनको *ह्वाइट केन* उपन्यासमा सीमित रहेको पाइन्छ । पुस्तकालयीय अध्ययनको प्रयोग गरिएको प्रस्तुत शोधकार्यमा *ह्वाइट केन* उपन्यासलाई प्राथमिक स्रोतका रूपमा र नेपाली उपन्यासका लैङ्गिक चेतना, लैङ्गिक दृष्टिकोणबारे गरिएका अनुसन्धानात्मक ग्रन्थ, विभिन्न अनुसन्धान, पत्रपत्रिकाहरूमा प्रकाशित लेख, रचनाबाट प्राप्त सामग्रीलाई  द्वितीयक स्रोतका रूपमा लिइएको छ । उक्त शोधकार्यमा *ह्वाइट केन* उपन्यासमा प्रस्तुत गरिएको लैङ्गिक स्थितिलाई पहिल्याइएको छ । नेपाली साहित्यमा नवीन विचार र प्रयोगको उत्कृष्ट नमुनाका रूपमा रहेको *ह्वाइट केन* उपन्यासमा समलिङ्गी यौनिकता भएका समुदायका जीवन व्यवहारलाई उद्घाटन गर्दै तिनीहरूको पक्षपोषण तथा सशक्तीकरणको सोद्देश्यमूलक विचार प्रवाह गर्न यो उपन्यास सफल रहेको कुरा देखाइएको छ । लैङ्गिक भूमिकाको दृष्टिले महिला र पुरुषको समान सहभागिता नरहेको, पात्रगत दृष्टिले हेर्दा उपन्यासमा पुरुष पात्रभन्दा महिला पात्र बढी रहेको, पितृसत्तात्मक समाजका कुसंस्कार र नारीप्रतिको कुदृष्टिलाई प्रतिकार गर्दै स्वअस्तित्वसहित स्वतन्त्रताको बाटो अँगाली विद्रोह गर्न सकिने कुरा प्रस्तुत गर्दै समयौनिकता भएका पात्र समाजमा सम्मानित भएर परिवारसँग बाँच्न सक्ने अवस्था नबनेको कुरा देखाइएको छ । उपन्यासभित्र महिला पात्रहरूको चिन्तनमा पनि पितृसत्तात्मक मानसिकताबाट पितृसत्ताको प्रमुख हावी भएको देखाएर उपन्यासकारले समाजमा पुरुष मात्र होइन महिलाहरू पनि पितृसत्ताको प्रभुत्वबाट कम प्रभावित छैनन् भन्ने निष्कर्ष निकालिएको छ । उक्त शोधको अध्ययनपश्चात् प्रस्तुत शोधमा लैङ्गिक अध्ययनको बारेमा थप जानकारी लिन सहयोग मिलेको छ ।

कार्की (२०७३) द्वारा '*अर्की आइमाई* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त अध्ययनमा *अर्की आइमाई* उपन्यासमा रहेको लैङ्गिक

अवस्थाको पहिचान गर्नु, *अर्की आइमाई* उपन्यासको लैङ्गिक चेतनाको अध्ययन विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले उपन्यासमा प्रयुक्त भाषा मूल्याङ्कन गर्नुजस्ता उद्देश्य राखिएको छ । *अर्की आइमाई* उपन्यासमा लैङ्गिकताको सर्वेक्षण गर्दा *अर्की आइमाई* उपन्यासलाई मात्र आधार बनाई सीमित क्षेत्रमा अध्ययन भएको पाइन्छ । उक्त शोधकार्यमा सामग्री सङ्कलनका लागि पुस्तकालयीय अध्ययनको उपयोग गरिएको पाइन्छ । यस अध्ययनका लागि *अर्की आइमाई* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा र लैङ्गिक अध्ययनसँग सम्बन्धित विभिन्न लेख, रचना, पुस्तक, शोधग्रन्थ, सरकारी एवम् गैरसरकारी संघसंस्थाका प्रतिवेदन आदिलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ । उक्त अध्ययनमा *अर्की आइमाई* उपन्यासमा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्ने प्रयास गरिएको छ । उक्त अध्ययनको शोधकार्यमा लैङ्गिक भूमिकाका आधारमा हेर्दा समान सहभागिता नपाइएको र पात्रगत दृष्टिबाट भने समान सहभागिता रहेको पाइन्छ । पुरुषले नारीलाई आफ्नो आवश्यकताअनुसार उपभोग्य वस्तु वा यन्त्र बनाउने प्रवृतिप्रति विद्रोह गरेको साथै वैदेशिक रोजगारमा गएका महिला तथा पुरुषहरूले पाएको दुःख, पीडा, शारीरिक, मानसिक यातनालाई राम्रोसँग उतार्न प्रस्तुत उपन्यास सफल रहेको छ भनी निष्कर्ष निकालिएको छ । उक्त शोधको अध्ययनपश्चात् प्रस्तुत शोधमा सामग्री सङ्कलन गर्न सहयोग मिलेको छ ।

धरेल (२०७३) द्वारा '*कालो छायाँ* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । जसमा *कालो छायाँ* उपन्यासमा लैङ्गिक अवस्थाको पहिचान गर्नु, लैङ्गिक चेतनाको विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले *कालो छायाँ* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु उद्देश्यका रूपमा रहेका छन् । उक्त शोधपत्र *कालो छायाँ* उपन्यासको लैङ्गिक अध्ययनमा केन्द्रित रही तयार पारिएको छ । यस अध्ययनमा पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरिएको छ । जसमा प्राथमिक सामग्रीअन्तर्गत *कालो छायाँ* उपन्यासलाई नै लिइएको छ भने द्वितीयक सामग्रीअन्तर्गत लैङ्गिकता सम्बन्धी लेख, रचना, समालोचनात्मक पुस्तकहरू, शोधग्रन्थलाई लिइएको पाइन्छ । उक्त शोधकार्य *कालो छायाँ* उपन्यासमा समाजमा रहेको रूढिवादी परम्परा, अन्धविश्वास, शोषणजस्ता कुराको जरो गाड्ने विचारको कमिक रूपमा निराकरण गर्नुपर्छ र स्वच्छ, स्वतन्त्र समाजको निर्माण गर्नु पर्ने विचार व्यक्त गर्नु विश्लेषणीय पक्ष रहेको छ । यस शोधकार्यमा *कालो छायाँ* उपन्यासमा लैङ्गिक भूमिकाको दृष्टिले हेर्दा उत्पादक, अनुत्पादक, सामाजिक, राजनीतिक,

सांस्कृतिक, आर्थिक भूमिकामा महिला र पुरुषको समान सहभागिता पाइए तापनि महिला र पुरुषलाई फरक तवरले हेरिएको तथा अधिकांश पात्रहरू रूढिवादी मानसिकताबाट ग्रसित भएको, मानवीय व्यवहार र आदर्शवादी सोचाइ नभएका व्यक्तिहरूबाट महिलामाथि हिंसा, बलात्कार, हत्या भएको देखाइएको छ । महिला सशक्तीकरणको दृष्टिकोणबाट हेर्दा पुरुषको तुलनामा महिला बढी सक्रिय भएको पाइन्छ । सुदूरपश्चिमको समाजमा पुरुषहरूले नारीमाथि गरेको अन्याय, धर्म, संस्कृतिका नाममा गरिने विभेद, पितृसत्तात्मक मानसिकता, नारीमाथिको कुसंस्कार, पात्रहरूमा प्रतिशोधको भावना प्रस्तुत गरिएको भनी निष्कर्ष निकालिएको पाइयो । उक्त शोधको अध्ययनपश्चात् *छाउघर* उपन्यासमा रहेको समाज, परम्परित संस्कार, सामाजिक मान्यताको पहिचान गर्न सहयोग लिइएको छ ।

सुवेदी (२०७३) द्वारा '*अतृप्त* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा *अतृप्त* उपन्यासमा लैङ्गिक अवस्थाको पहिचान गर्नु, *अतृप्त* उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण गर्नु, *अतृप्त* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु उद्देश्यका रूपमा रहेका छन् । उक्त शोधकार्य लीलबहादुर क्षेत्रीको *अतृप्त* उपन्यासको लैङ्गिक समालोचना र दृष्टिकोणका आधार निर्धारण, नारीवाद, महिला सशक्तीकरण, लैङ्गिक समानता, समता, सांस्कृतिक चेतना र महिला शिक्षामा केन्द्रित रहेको देखिन्छ । यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा *अतृप्त* उपन्यासलाई लिइएको छ भने लैङ्गिक चेतना र दृष्टिकोणबारे गरिएका अनुसन्धानात्मक अप्रकाशित शोधपत्रहरू, विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरू, लैङ्गिक अवधारणासँग सम्बन्धित पाठ्यपुस्तक, नारीवादी समालोचनात्मक लेख, विद्वान, विशेषज्ञ तथा शोधनिर्देशकको राय, सुझाव र परामर्शलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । उक्त शोध कार्यमा *अतृप्त* उपन्यासमा लैङ्गिकताको भाषा, सशक्तीकरण, हिंसा, लैङ्गिक समानता र समता, सामुदायिक भूमिका, पुनरुत्पादक भूमिका आदि प्रतिमानहरू निर्माण गरी ती प्रतिमानका आधारमा कृतिको विश्लेषण गरिएको छ । *अतृप्त* उपन्यासलाई उल्लिखित आधारहरूमा विश्लेषण गर्दा लैङ्गिक दृष्टिले महिला र पुरुषको समान सहभागिता नपाइएको, महिला र पुरुषलाई फरक ढङ्गले हेरिएको, पात्रगत दृष्टिले हेर्दा महिलाभन्दा पुरुषपात्र बढी रहेको देखाइएको छ । महिला सशक्तीकरणको दृष्टिकोणले हेर्दा महिला खासै सक्रिय नभएको पाइएको छ भने पितृसत्तात्मक समाजका कुसंस्कार, नारीप्रतिको कुदृष्टि, महिला हिंसा, विकृति, विसङ्गति, नारीप्रतिको अतृप्ति र नारीलाई भोग्याको रूपमा हेर्ने पुरुष

मानसिकतालाई पुरुषकै माध्यमबाट अन्त्य भएको देखाइएको छ भनी निष्कर्ष निकालिएको छ । उक्त शोधको अध्ययनपश्चात् *छ्याउघर* उपन्यासमा रहेको लैङ्गिक चेतना आदिको जानकारी लिन सहयोग पुगेको छ ।

## २.२ लैङ्गिक अध्ययनको सैद्धान्तिक प्रारूप

### २.२.१ लैङ्गिकताको सैद्धान्तिक परिचय

लैङ्गिकता भन्नाले समाजले महिला र पुरुषलाई हेर्ने दृष्टिकोण भन्ने बुझिन्छ । समाजले आ-आफ्नो किसिमको सामाजिक नीति-नियम, संस्कृति, मूल्यमान्यता, परम्परा आदिका आधारमा महिला र पुरुषलाई निश्चित भूमिका प्रदान गरेको हुन्छ । निश्चित आशा, अपेक्षा गरेको हुन्छ र निश्चित कर्तव्य एवम् अधिकारहरू प्रदान गरिएको हुन्छ । यस किसिमको नियमलाई नै लैङ्गिकता भनिन्छ । लैङ्गिकतालाई अङ्ग्रेजीमा जेन्डर भनिन्छ । 'जेन्डर' फ्रेन्च भाषाबाट अङ्ग्रेजीमा आयातित शब्द हो । लैङ्गिकता कुनै पनि समाजको लैङ्गिक तथा सांस्कृतिक वस्तुस्थितिको अध्ययन गर्दा प्रयोगमा आउने एउटा त्यस्तो शब्द हो जसले मानिसमा हुने जैविक भिन्नतालाई नभई सामाजिक भिन्नतालाई जनाउँछ (पाण्डे, २०६९ : २) । यसको निर्धारकतत्व समाज हुने हुनाले यसलाई सामाजिक लिङ्ग पनि भनिन्छ । यो हाम्रो समाजमा रहेको चलन, संस्कार, मनोवैज्ञानिक र सांस्कृतिक पक्षसँग सम्बन्धित छ । समुदायले सामाजिक सांस्कृतिक व्यवस्थालाई आधार बनाएर महिला र पुरुषको भूमिका निर्धारण गरेको हुन्छ, अधिकार दिएको हुन्छ, बन्देज लगाएको हुन्छ, यसलाई सामाजिक लिङ्ग (जेन्डर) भन्न सकिन्छ (आचार्य, २०७१ : ३) । यो समय, परिवार, समुदाय तथा समाजपिच्छे फरक हुनसक्छ । सामाजिक लिङ्ग भन्नाले समाजले महिला र पुरुषलाई दिएको सामाजिक पद वा भूमिका भन्ने बुझिन्छ (खनाल, सन् २०१२ : ९३) । यो कृत्रिम तथा परिवर्तनशील हुने भएकाले समाज र संस्कृतिबाट प्रभावित हुन्छ । लैङ्गिकतालाई सामान्यतया महिला र पुरुषकाबीच सामाजिक सांस्कृतिक दृष्टिकोणबाट निर्धारण गरिएका चरित्र, भूमिका तथा अवसरहरू भनी बुझ्ने गरिन्छ । यो प्राकृतिक रूपमा महिला र पुरुषबीचमा रहेको लिङ्गभेद भन्दा फरक सामाजिक धारणा हो । लैङ्गिक अध्ययनले महिला र पुरुष दुवैका विभिन्न भूमिका, व्यवहार, दृष्टि, आदर्श अवस्थाको अध्ययन गर्दछ । यदि महिलाको सामाजिक तथा सांस्कृतिकलगायत अन्य स्तर पुरुषको

भन्दा कम छ, निम्न छ भने त्यसको कारण खोज्दै पुरुषसरह महिलाको हैसियत पुऱ्याउन विभिन्न प्रयास गर्दछ । त्यस्तै पुरुषको स्थान महिलाको भन्दा निम्न छ भने महिलाको हैसियतसरह पुरुषको हैसियत बनाउन विभिन्न नीति तथा कार्यक्रमलाई जोड दिन्छ । यसरी लैङ्गिक अध्ययन मानवतावादी समतामूलक अध्ययन हो (अर्याल, २०६८ : १) । वास्तवमा प्रत्येक समाजमा महिला र पुरुष विभिन्न क्षेत्रमा कार्यरत हुन्छन् र उनीहरूको छुट्टाछुट्टै प्रकारको भूमिका हुन्छ । सामाजिक मूल्य र मान्यताका आधारमा महिला र पुरुषबाट केही व्यवहार तथा भूमिकाको अपेक्षा राखेको हुन्छ त्यस्ता व्यवहारहरू सामाजिक सांस्कृतिक रूपले निर्माण हुने गर्दछन् ।

लैङ्गिक अध्ययनको विकास सन् १९८० को दशकमा भएको हो (आचार्य, २०७१ : २५) । यसले महिला र पुरुषका सामाजिक भूमिकालाई बुझाउँछ । प्राकृतिक संरचनाका आधारमा गरिने सबै किसिमका असमानता, भेदभाव र शोषणको विरोध गर्नुकासाथै पुरुषलाई मगज र महिलालाई शरीर मान्ने प्रवृत्तिमा सत्यता नभएको ठहर गर्दछ । महिला र पुरुष एकअर्काका अभिन्न, परिपुरक र विकल्परहित प्राणी हुन् । एकको अभावमा अर्कोले मात्र मानवीय अस्तित्वलाई निरन्तरता दिन सक्दैन । त्यसैले प्राकृतिक रूपमा महिला र पुरुषको पृथक संरचना भए तापनि महत्त्व समान रहेको छ । लैङ्गिक अध्ययन महिला र महिलाजन्य व्यवहारको मात्र अध्ययन गर्ने विषय होइन न त पुरुष र पुरुषजन्य व्यवहारको मात्र हो । यो महिला र पुरुष दुवैका भूमिका तथा व्यवहारको अध्ययन गर्ने विषय हो ।

सामान्य बुझाइमा लैङ्गिकता शब्दले लिङ्ग (सेक्स) लाई नै बुझाउँछ । कतिपय अर्थ र बुझाइमा लिङ्ग शब्दले लैङ्गिकता शब्दलाई व्यक्त गरेको हुन्छ । तर लिङ्ग र लैङ्गिकता विशुद्ध फरक पक्ष हुन् । यसलाई अङ्ग्रेजी शब्द सेक्स र जेन्डर दुईवटा अवधारणामा राखेर बुझ्ने प्रयास गरेमा बढी स्पष्ट हुन्छ । जसमा सेक्सलाई प्राकृतिक लिङ्ग र जेन्डरलाई सामाजिक लिङ्गअन्तर्गत छुट्टाछुट्टै राखी अध्ययन गर्नु प्रभावकारी मानिन्छ ।

### २.२.१.१ प्राकृतिक लिङ्ग (सेक्स)

महिला र पुरुषबीच रहेको प्राकृतिक नैसर्गिक भिन्नता अर्थात् मौलिक जैविकीय विभिन्नताहरूका आधारमा जब ब्यक्तिलाई छुट्याइन्छ त्यसलाई प्राकृतिक लिङ्ग भनिन्छ । यो जन्मजात रूपमा व्यक्तिमा हुने अपरिवर्तनशील सामाजिक विशेषता हो । यो प्रत्येक समाजमा जुनसुकै व्यक्तिले सजिलै छुट्याउन सक्ने विश्वव्यापी आधार हो । यसरी महिला र पुरुषका रूपमा मानिसलाई भेद गर्नुलाई प्राकृतिक लिङ्ग (सेक्स) भनिन्छ (आचार्य, २०७१ : २) । व्यक्तिहरूमा रहेका मौलिक जैविकीय विभिन्नताहरूका आधारमा व्यक्तिलाई जब छुट्याइन्छ भने त्यसलाई हामी लिङ्ग वा प्राकृतिक लिङ्ग भन्दछौँ । यसले महिला तथा पुरुषको शारीरिक परिचय दिन्छ । यसरी लिङ्गको आधारमा सामान्य अवस्थामा कुनै पनि बच्चा छोरा अथवा छोरीको रूपमा परिचित हुन्छ । सामान्य अवस्थामा जन्मदा छोरा र छोरीमा प्रस्ट देखिने बाहिरी यौन अङ्गलाई प्राकृतिक लिङ्ग भनिन्छ । तर संसारमा केही प्रतिशत बच्चाहरू अस्पष्ट बाहिरी यौन अङ्ग लिएर जन्मन्छन्, त्यसलाई तेस्रो लिङ्गीको संज्ञा दिइन्छ । त्यसैले महिला र पुरुषको भिन्न शारीरिक पहिचान नै प्राकृतिक लिङ्ग हो । जुन जन्मसिद्ध, अपरिवर्तनशील, सर्वव्यापी, जैविक र विश्वसनीय रहेको हुन्छ ।

### २.२.१.२ सामाजिक लिङ्ग (जेन्डर)

सामाजिक लिङ्ग नितान्त सामाजिक सांस्कृतिक व्यवस्थाबाट निर्धारण हुन्छ । समाजले नै महिला र पुरुषलाई कार्य विभाजन पद तथा भूमिकाको निर्धारण गरेको हुन्छ । त्यसैले यो प्राकृतिक वा जैविकीय विशेषता नभई सामाजिक सांस्कृतिक विशेषता हो । यसले महिला र पुरुषले के गर्दछन्, के अनुभव गर्दछन्, समाजमा तिनीहरूको सम्बन्ध र भूमिका कस्तो छ भन्ने बुझाउँछ (अर्याल, २०६८ : ३) । समाजमा प्राकृतिक लिङ्गका आधारमा सामाजिक व्यवस्थाले निर्धारण गरे अनुरूप महिला र पुरुषबाट समाजले अपेक्षा गरेको भूमिका नै सामाजिक लिङ्ग हो । यो समय, परिवार, समुदाय र समाजपिच्छे फरक-फरक रहेको पाइन्छ । त्यसैले यो स्थीर नभई समय तथा समाजको परिवर्तनसँगै परिवर्तनशील हुनसक्छ । यसको निर्धारकतत्त्व समाज भएकाले यसलाई बदल्न सकिन्छ । कुनै पनि समाजले सामाजिक मूल्यमान्यता, धर्म, संस्कृति, आर्थिक, राजनीतिक परिप्रेक्षमा महिला र पुरुषको भूमिका निर्धारण गरेको हुन्छ त्यसलाई सामाजिक लिङ्ग वा जेन्डर भनिन्छ । हाम्रो देश पुरुषप्रधान भएकाले महिला र पुरुषबीच विभेद गरिएको पाइन्छ । तर हाल

समतामा आधारित समाजको विकास गर्न खोजिएको छ । समाजले व्यक्तिलाई महिला पुरुष हुनुसँग सम्बन्धित गरेर केही मान्यता, संस्कार, व्यवहार, धर्म आदिका आधारमा लैङ्गिक भूमिका निर्धारण गरेको हुन्छ (आचार्य, २०७१ : ३) । जसले उनीहरूलाई पृथक भूमिका दिएको छ । जस्तै- छोरीहरू स्कुल जानुहुँदैन, घरधन्दामा लाग्नुपर्छ भने छोराहरू घरबाहिरका काममा जानुपर्छ, कमाउनु पर्छ, टाठोबाठो हुनुपर्छ, घरभित्रका कार्यमा संलग्न हुनुहुँदैन भन्ने मान्यता रहिआएकोमा अहिले परिवर्तित समयअनुसार यी अवधारणाहरूमा परिवर्तन आईरहेको छ । यो सामाजिकीकरणको प्रक्रियासँगै अगाडि बढी रहेको हुन्छ ।

लैङ्गिकतालाई सामाजिक, सांस्कृतिक, आर्थिक, पारिवारिक भूमिकाकासाथै कला साहित्य सङ्गीतमासमेत समावेश गरिएको पाइन्छ । गीत, कथा, नाटक, उपन्यास आदिका माध्यमबाट महिला र पुरुषले फरकफरक जीवनशैली अनुभव र भविष्यमा के हुने कस्तो बन्ने भन्ने इच्छा व्यक्त गर्दछन् । समाज, संस्कृति र समुदायले महिला र पुरुषको भविष्यको भूमिका निर्धारण गर्दछ त्यसै सम्बन्धमा जुलीया सी. मोनिकले आफ्नो हाफ वर्ल्ड हाफ द पेन्ज नामक पुस्तकमा उत्तरी केन्यामा बसोबास गर्ने तुर्काना जातिका केटाकेटीले गाउने गीतको नेपालीकरण यस प्रकार रहेको छ :

केटीका लागि गाइने तुर्काना गीत
ठूली भएर हुर्किएपछि तिम्रा लागि
एउटा असल लोग्ने मिलोस्
हामीलाई तिमीले सम्झी रहनु र
सँधै हाम्रो सहायता गरिरहन पुगोस् ।

केटाका लागि गाइने तुर्काना गीत
ठूलो भएपछि तिमीले
यो घर र सम्पत्तिको हेरचाह गरौला
अनि आमा र बहिनीको सुरक्षा गरौला

(पाण्डे, २०६९ : १०) ।

यसरी तुर्काना जातिको केटाकेटीले गाउने गीत केन्यामा मात्र सीमित नभएर विश्वभरि नै यसको व्यापकता रहेको पाइन्छ । हाम्रो समाज पनि माथिको गीतको भावअनुसार नै

स्वचालित रहेको देखिन्छ । अर्यालले आफ्नो पुस्तकमा कमला भाषिनको परिभाषा “प्रत्येक व्यक्तिमा स्त्रीत्व र पुरुषत्वको गुण हन्छ तर समाजले केटीभित्र लुकेको पुरुषत्व र केटाभित्र लुकेको स्त्रीत्वलाई बाहिर आउन अर्थात् मौलाउन दिँदैन” भनी प्रस्तुत गरेका छन् । पितृसत्तात्मक सामाजिक संरचनाले परम्परागत रूपमा महिला र पुरुषलाई निम्नलिखित लैङ्गिक विशेषता, भूमिका वा सङ्केतबाट बुझ्न वा फरक देखाउन सकिन्छ :

| | |
|---|---|
| पुरुष | महिला |
| मगज | शरीर |
| संस्कृत | प्राकृत |
| बलियो | कमजोर |
| प्रभुत्वशाली | अधिनस्थ |
| स्वतन्त्र | परनिर्भर |
| कडा | कोमल |
| सक्रिय | निष्क्रिय |
| नेतृत्ववान | अनुयायी |
| कमाउने | गृहस्थी |
| भद्र | चञ्चल |
| कम कामुक | बढी कामुक |
| निर्णायक | सहायक |
| टिकाउ | क्षणिक |
| दृढ | भावुक |
| तथ्यपरक | समन्वयी |

(अर्याल, २०६८ : ३ - ५)

कुनै पनि समाजमा परम्परा, संस्कृति, रीतिरिवाज, चालचलनका रूपमा महिला वा पुरुषबाट केही व्यवहार तथा भूमिकाको अपेक्षा राखेको हुन्छ भने यस्ता व्यवहारहरू सामाजिक तथा सांस्कृतिक रूपले निर्माण हुने गर्दछन् तर हाम्रो समाजमा यस्ता उल्लिखित व्यवहार पनि जन्मजात नै हुन्छ भन्ने भ्रम रहेको पाइन्छ ।

### २.२.२ लैङ्गिकताको परिभाषा

लैङ्गिकता के हो भन्ने सम्बन्धमा विभिन्न विद्वानहरूले विभिन्न समयमा अध्ययन गरेका छन् । यस क्रममा उनीहरूले लैङ्गिकताबारे विभिन्न विचारहरू व्यक्त गरेका छन् । यसरी विद्वानहरूले व्यक्त गरेका विचारहरूलाई आचार्य (२०७१) र अर्याल (२०६८) ले आफ्ना पुस्तकमा समावेश गरेका छन् । जसमा समाजमा लिङ्गका आधारमा सामाजिक व्यवस्थाले निर्धारण गरे अनुरूप महिला र पुरुषबाट समाजले अपेक्षाकृत गरेको भूमिका नै सामाजिक लिङ्ग हो भन्ने कुरा आचार्यले उल्लेख गरेका छन् । त्यसैगरी एन्टोनी गिडन्सले यौन (लिङ्ग) शब्दले स्त्री र पुरुषको भौतिक भिन्नतालाई जनाउँछ र लैङ्गिक शब्दले मनोवैज्ञानिक सामाजिक र सांस्कृतिक भिन्नतालाई बुझाउँछ, लिङ्ग र लैङ्गिकताबीच आधारभूत फरक छ भनी लैङ्गिकतालाई परिभाषित गरेका छन् । अर्यालले लैङ्गिक भनेको समाज, समुदाय तथा सामाजिक सांस्कृतिक एकाइद्वारा महिला र पुरुषले सम्पादन गर्ने भनी निर्धारण गरेका काम, कर्तव्य र जिम्मेवारीहरू हुन् भन्ने कुरा उल्लेख गरेको पाइन्छ । त्यस्तै कमला भाषिनले समाजले दिएको महिला र पुरुषको परिभाषालाई सामाजिक लिङ्ग वा जेन्डर भनिन्छ भनेर परिभाषित गरेकी छन् । जेन्डर (सामाजिक लिङ्ग) ले महिला र पुरुषसँग सम्बन्धित सामाजिक रूपमा संरचित भूमिकाहरू, सामाजिक रूपमा सिकिने व्यवहार र अपेक्षाहरूलाई बुझाउँछ भनेर विश्वबैंकले लैङ्गिकतालाई परिभाषित गरेको छ । रिचर्डस् पि. एपलवाउम र विलियम वे.चाम्लिसले महिला र पुरुषबीचका व्यवहारहरूलाई बुझाउन लैङ्गिक वा जेन्डर शब्दको प्रयोग गरिन्छ जुन व्यवहारहरू सांस्कृतिक पक्षमा आधारित र सामाजिक रूपले सिकाएका हुन्छन् । शारीरिक रूपले उत्पन्न यौन (लिङ्ग) जन्य भिन्नतालाई बुझाउन महिला र पुरुष शब्दको प्रयोग गरिन्छ भने सामाजिक रूपले उत्पन्न सांस्कृतिक फरकपनालाई जनाउन स्त्रीत्व र पुरुषत्व शब्दको प्रयोग गरिन्छ भनेको पाइन्छ ।

उल्लिखित परिभाषाहरूलाई समेटेर भन्नुपर्दा समाजले वा सामाजिक सांस्कृतिक मान्यताअनुसार महिला र पुरुषलाई दिएको भूमिका तथा दायित्वबाट निर्मित सम्बन्ध र व्यवहारको परिणति नै लैङ्गिकता हो । जसले स्त्रीत्व र पुरुषत्वको प्रतिनिधित्व गर्दछ ।

### २.२.३ लैङ्गिक अध्ययनको क्षेत्र

महिला र पुरुषको सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक र शैक्षिक अवस्थाको अध्ययनलाई लैङ्गिक अध्ययन भनिन्छ । यो एउटा सर्वाङ्गीण तथा व्यापक विषय हो ।

जसले मानव अस्तित्वका हरेक क्षेत्रमा लैङ्गिक स्थितिको अध्ययन गर्दछ । सामान्यतः लैङ्गिक अध्ययनको क्षेत्र सीमाङ्कन गर्न कठिनाइ भए पनि यसको प्रकृति, सिद्धान्त, पृष्ठभूमि र प्रवृत्तिलाई विश्लेषण गर्दा निम्नलिखित क्षेत्रमा लैङ्गिक अध्ययन केन्द्रित रहेको पाइन्छ :

- सामाजिक सांस्कृतिक संरचना, एकाइ, अन्तरक्रिया, मूल्यमान्यता, पहुँच, हैसियत, इज्जत, प्रथा, दृष्टिकोण र लैङ्गिक सम्बन्ध,
- आर्थिक तथा शैक्षिक संरचना, एकाइ, पहुँच, स्थिति, कार्यभार र लैङ्गिक सम्बन्ध,
- पितृसत्तात्मक व्यवस्था यसको प्रभाव र लैङ्गिक सम्बन्ध,
- लिङ्ग तथा लैङ्गिक अवधारणा र विश्लेषण,
- राजनीतिक संरचना, निर्णायक तहमा पहुँच, स्थिति र लैङ्गिक सम्बन्ध,
- परिवार, विवाह, पारिवारिक तथा वैवाहिक सम्बन्ध, संस्कार, प्राथमिकता, निर्णय प्रक्रिया, अन्तर्क्रिया ।
- जाति, जातीयता र नातामा लैङ्गिक सम्बन्ध ।
- महिलावादी आन्दोलनको ऐतिहासिक पृष्ठभूमि, मुद्दा र समसामयिक मुद्दा ।
- विकासका मुद्दाहरू र लैङ्गिक सम्बन्ध ।

(अर्याल, २०६८ : १२ - १३)

### २.२.४ लैङ्गिक अध्ययनका आधारभूत मान्यताहरू

समाजमा परम्परादेखि विकसित हुँदैआएका लैङ्गिक सामाजिकीकरणका बारेमा अध्ययन गर्नाका साथै विभिन्न समाज र संस्कृतिहरूबीच रहेका लैङ्गिक सम्बन्ध, अन्तर्क्रिया, विभेद तथा वस्तुस्थितिका बारेमा अध्ययन गर्ने विषय लैङ्गिक अध्ययन हो (आचार्य, २०७१ : १३) । लैङ्गिक अध्ययनलाई एक व्यवस्थित सामाजिक अध्ययन मानिन्छ । सामाजिक जीवनका आर्थिक, समाजिक, राजनीतिक तथा शैक्षिक पक्षमा महिलाहरूको अवस्था, सम्बन्ध र पहँच के कति छ ? किन यस्तो विभेद समाजैपिच्छे घटीबढी छ ? कुनकुन पक्ष महिला विकासका लागि बाधक छन् ? त्यस्ता बाधक पक्षसँग जोडिएका सामाजिक, सांस्कृतिक व्यवस्थाभित्रका कुनकुन पक्ष बढी जिम्बेवार छन् भन्नेजस्ता यावत

पक्षहरूको अध्ययन गर्ने विज्ञान वा विषय नै लैङ्गिक अध्ययन हो । लैङ्गिक अध्ययनका विभिन्न मान्यताहरू रहेका छन् जसलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- लिङ्ग जैविकीय र लैङ्गिकता सामाजिक रूपमा संरचित हुन्छ ।
- लैङ्गिकता सामाजिक सम्बन्ध र समस्याहरूसँग सम्बन्धित हुन्छ ।
- महिला दमनको स्रोत पितृसत्ता हो ।
- लैङ्गिकता मानव इतिहासदेखि संरचित हुन्छ ।
- समय र स्थानअनुसार लैङ्गिकता फरक हुन्छ ।
- लैङ्गिकताका कारण सामाजिक अवसरहरू असमान हुन्छन् ।
- लैङ्गिकताको भूमिका महिला र पुरुषको सहमतिअनुसार परिवर्तन हुन्छ ।

समग्रमा लैङ्गिक अध्ययनले महिला र पुरुषबीच समान सहभागिता वा समता हुनुपर्छ भन्ने कुरालाई जोड दिन्छ । यसले महिला र पुरुषको समान महत्त्व हुन्छ भन्ने यथार्थतालाई प्रस्तुत गर्दछ ।

### २.२.५ लैङ्गिक भूमिका

प्रकृतिले छुट्याएको लिङ्गका आधारमा समाजले नै लैङ्गिक भूमिका निर्धारण गर्ने गर्दछ । समाजमा महिला र पुरुष विभिन्न क्षेत्रमा संलग्न रहेका हुन्छन् । यस्तो नारी र पुरुषबीचमा भएको भूकिकालाई नै लैङ्गिक भूमिका भनिन्छ । अधिकांश समाजमा महिलाहरू घरभित्रको कार्य एवं प्रजनन् र हेरचाहसम्बन्धी कार्यमा संलग्न छन् भने पुरुषहरू घरबाहिरका अन्य कार्यमा क्षमता तथा दक्षताबाट भन्दा पनि सामाजिक मान्यताबाट बढी प्रभावित भएको हुन्छ (खनाल, सन् २०१२ : ९८) । जस्तै- महिलाहरूले घरको चुलोचौको गर्नुपर्ने, पुरुषले नोकरी, व्यापार, खेतीपाती गर्ने, यसरी समाजले गरेको लैङ्गिक भूमिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

#### २.२.५.१ उत्पादक भूमिका

उत्पादक भूमिका भनेको आयआर्जनका लागि गरिने भूमिका हो । यसअन्तर्गत खेती, किसानी, पशूपालन, जागीर, मजदुरी, वेचबिखन, सामान उत्पादन, वितरण आदि पर्दछन् । यस्तो भूमिकाले आर्थिक महत्त्व राख्दछन् । यसरी उत्पादनशील भूमिका निर्वाह गर्दा

आयआर्जन हुने हुँदा यो भूमिकालाई राम्रो मानिन्छ । उत्पादनशील भूमिकामा महिला पुरुषको समान सहभागिताको अवस्था छैन । पुरुषको बढी ज्याला, रोजगारी, आयआर्जनमा पहुँच हावी छ भने महिलालाई समान काममा पनि निम्न ज्याला हुने क्षेत्रमा सीमित गर्दछन् (अर्याल, २०६८ : १८) । यसरी समान भूमिकाका लागि पनि पुरुषलाई बढी मान्यता दिनु समाजमा रहेको विभेदयुक्त लैङ्गिक दृष्टिकोण नै हो ।

### २.२.५.२ पुनरुत्पादक भूमिका

पुनरुत्पादक भूमिकालाई अनुत्पादक भूमिका भनिँदै आए पनि यी भूमिकाले उत्पादनात्मक भूमिकामा सहयोग पुऱ्याउँछन् । जसमा कार्य गरे बापत प्रत्यक्ष आर्थिक लाभ हुन सक्दैन (आचार्य, २०७१ : २६४) । यस्ता भूमिकाहरू केही प्रकृतिप्रदत्त हुन्छन् भने धेरैजसो समाजद्वारा निर्धारित हुन्छन । जस्तै- प्रकृतिप्रदत्त भूमिकाअन्तर्गत गर्भधारण, बच्चा जन्माउने, स्तनपान आदि पर्दछन् भने समाजद्वारा निर्धारितअन्तर्गत घरधन्दा गर्ने, घरपरिवारका सदस्यहरूको स्याहार, घाँसदाउरा गर्ने आदि पर्दछन् । यस्ता उत्पादन सहयोगी कार्यमा समुदायमा अथवा परिवारमा महिलाको संलग्नता निकै बढी रहेको पाइन्छ । पुरुषले घरभित्रको धन्दा गर्नु हुँदैन भन्ने सामाजिक मान्यताले यसमा प्रमुख भूमिका निर्वाह गरेको हुन्छ । यस्ता कार्यलाई उत्पादनशील कार्यका रूपमा गणना नगरिए पनि यी कार्यहरू मानव जीवनमा अपरिहार्य छन् ।

### २.२.५.३ सामुदायिक भूमिका

समाजको प्रगति तथा भलाइका लागि स्वयम्सेवकको रूपमा समाजमा गरिने विभिन्न कार्यहरू जस्तै- समुदायको स्रोत र साधनको संरक्षण र संवर्द्धन गर्नु, समाजमा गरिने सामाजिक, सांस्कृतिक तथा रचनात्मक कार्यमा सहभागी भई सहयोग गर्नु आदि सामुदायिक भूमिकाअन्तर्गत पर्दछन् (खनाल, सन् २०१२ : ९८) । यसका विभिन्न प्रकारहरू रहेका छन्, जसमध्ये पहिलो हो सामुदायिक सेवा व्यवस्थापन । यसअन्तर्गत समुदायको स्रोत र साधनको संरक्षण सम्बर्द्धन गर्ने, बाटो निर्माण, कुलो बनाउने, वनजङ्गल संरक्षणजस्ता कार्यहरू पर्दछन् । त्यस्तै, दोस्रो सामुदायिक सामाजिकीकरण हो । यसअन्तर्गत समुदायका संस्कार, चाडपर्व, पूजाआजामा गरिने कार्यहरू विवाह, भोजभतेर, दशैँ, तिहार आदिमा गर्ने कार्यहरू पर्दछन् । तेस्रो हो सामुदायिक राजनीतिक भूमिका । यसअन्तर्गत स्थानीय तथा राष्ट्रिय निर्वाचनमा भाग लिने, चुनाव लड्ने आदि कार्य पर्दछन् । शक्ति र

पहुँचको प्रयोग गरिने भूमिकाहरू यसअन्तर्गत पर्दछन् । यस्ता भूमिकाहरू सम्मानित र उच्च भूमिका हुन् । यस्ता भूमिकामा महिलाको पहुँचको कमी रहेको पाइन्छ (अर्याल, २०६८ : १९) । यसरी पुरुषहरू छोरा भएर जन्मिएकै कारण तिनीहरूलाई सम्मानित काममा बढी संलग्न गराउनु विडम्बनाको कुरा हो । महिला र पुरुष दुबै सृष्टिका चालक भएकाले समाजका हरेक कार्यमा दुबैको समान सहभागिता हुनुपर्छ ।

### २.२.६ लैङ्गिक समानता र समता

लैङ्गिक अध्ययनको क्षेत्रमा बहुप्रचलित शब्द लैङ्गिक समानता र समतालाई सामान्य रूपमा हेर्दा समानार्थीजस्तै देखिन्छ । तर वास्तविक रूपमा यी दुई शब्दले फरकफरक अर्थ बहन गरेको पाइन्छ । यी दुई शब्दावलीका बारेमा नेपाली वृहत् शब्दकोशमा 'समता' को अर्थ 'सम' हुनाको भाव वा अवस्था, समानता, एकनासेपन, बराबरी, पक्षपात नगर्ने ढाँचा, निष्पक्षता भनी उल्लेख गरिएको छ । यसै सन्दर्भमा विभिन्न विद्वान तथा संस्थाहरूले लैङ्गिक समानता र समता सम्बन्धी व्याख्या गरेका छन् । वास्तवमा महिला र पुरुषबीचमा समान सहभागिता, वितरण, पहुँच, नियन्त्रण, बराबर अधिकार नै लैङ्गिक समानता हो । यसले महिला र पुरुष बराबरी भन्ने अर्थ जनाउँछ । लैङ्गिक समताले न्याय निष्पक्षता तथा उचित व्यवहारलाई झल्काउँछ । महिला र पुरुषबीच रहेका असमानताहरूको नैसर्गिक न्याय नै लैङ्गिक समता हो । यस सम्बन्धमा विस्तृत चर्चा निम्नानुसार गरिएको छ :

#### २.२.६.१ लैङ्गिक समानता

लैङ्गिक समानता भनेको सामाजिक सांस्कृतिक रूपमा महिला र पुरुषबीचमा विभेद हुन नदिनु हो । आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक विभेदहरूको अन्त्य गरी दुबैका बीचमा समान दृष्टिकोण कायम राख्नुलाई लैङ्गिक समानता भनिन्छ । यसले समाजमा शिक्षा, स्वास्थ्य, रोजगार, आय तथा विज्ञान र प्रविधिका पक्षमा असमान पहुँच रहेकाले त्यसलाई हटाउनु पर्दछ र परम्परादेखि रहँदै आएका लैङ्गिक सम्बन्ध व्यवहार र भूमिकामा परिवर्तन गरी महिला र पुरुषबीच समान किसिमको अधिकार र पहुँच हुनुपर्दछ भन्ने मान्यता राख्दछ । सामाजिक सांस्कृतिकलगायत अन्य क्षेत्रमा महिला र पुरुषबीचमा रहेका विभेद र असमानताको अन्त्य गर्नु, त्यस्तो अवस्था, पेसा, भाषा, संस्कृति, राजनीति, वर्णका आधारमा असमान व्यवहार वा भेदभाव नगरिनु हो (अर्याल, २०६८ : ३८) । त्यस्तै

नेपालको संविधान भाग ३ को मौलिक हकअन्तर्गत धारा १८ को उपधारा १ मा समानताको हकको व्यवस्था गरिएको छ । सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित गरिने छैन (नेपालको संविधान, २०७२ : ८) । यस धारामा लैङ्गिक समानता भन्नाले महिला, पुरुष, तेस्रो लिङ्गी सबैलाई समान मानवको रूपमा मान्यता दिनु हो । यसरी हेर्दा सामाजिक, आर्थिक, राजनीतिक आदि हरेक क्षेत्रमा समान पहुँच नै लैङ्गिक समानता हो । जसको उदाहरणको रूपमा समान मताधिकार, समान ज्याला, समान अवसर आदिलाई बुझिन्छ ।

### २.२.६.२ लैङ्गिक समता

समानता ल्याउन गरिएको विशेष प्रयास नै समता हो । लैङ्गिक समता भन्नाले महिला र पुरुषबीचका जैविक तथा सामाजिक भिन्नताहरूलाई राम्रोसँग केलाई महिलाको विशेष तथा प्रतिकूल अवस्थाको पहिचान गरी सोही अनुरूप आर्थिक, सामाजिक र राजनीतिक अवसरहरूको विशेष व्यवस्था र पहल भन्ने बुझिन्छ । महिला र पुरुष दुबैको क्षमताअनुसार व्यवहार गर्नु, दुबैको अवस्थाअनुसार समान व्यवहार गर्नु र अवसर प्रदान गर्नु नै लैङ्गिक समता हो (अर्याल, २०६८ : ३८) । जबसम्म सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक रूपमा महिलाहरूले कार्य गर्ने वातावरण पाउँदैनन् र उनीहरूलाई अवस्थाअनुसार अवसर दिइँदैन तबसम्म समान अधिकार दिएर पनि समान किसिमले उपयोग र पहिचान गर्न सक्दैनन् । त्यसैले यस्ता अवसरहरूको सदुपयोग गर्न उनीहरूको क्षमतामा सशक्तीकरण गरिनुपर्छ र महिलाकेन्द्रित कार्यक्रम (शिक्षा, स्वास्थ्य, तालिम, सीप) को सञ्चालन गरिनुपर्छ भन्ने मान्यता यसले राख्दछ । तसर्थ सामाजिक, आर्थिक, राजनीतिक स्रोत साधनमाथि महिला र पुरुषको आवश्यकता बमोजिम समान पहुँच एवम् निर्णायक सहभागिताको प्रयास नै लैङ्गिक समानता हासिल गर्ने माध्यम हो ।

### २.२.७ सशक्तीकरण

'सशक्तीकरण' शब्द अङ्ग्रेजी भाषाको 'इम्पावरमेन्ट' भन्ने शब्दको नेपाली रूपान्तरण हो । सामान्य अर्थमा सशक्तीकरण भन्नाले शक्तिशाली बनाउने भन्ने अर्थ लाग्छ । शाब्दिक रूपमा सशक्तीकरण शब्दभित्र शक्ति पनि अन्तर्निहित रहेकाले यसले शक्ति एवम् शक्तिगत प्रक्रियालाई जनाउँछ । मानिसमा हुने गुणमा शक्ति सम्पन्न हुने गुण निहित भएको हुँदा शक्ति सम्पन्न बनाउने विभिन्न बाधा अड्चन र नियन्त्रणका कारण सशक्त

बन्ने अवसरबाट वञ्चित भएका र तुल्याइएकाहरूलाई विभिन्न शक्तिमा पहुँच वृद्धि गर्ने अर्थात असमान शक्ति सम्बन्धलाई समान शक्ति सम्बन्धमा रूपान्तरण गर्ने प्रक्रिया हो (अर्याल, २०६८ : ४८) । यसले महिला विकासका लागि वा लैङ्गिक रूपमा सन्तुलित विकासका लागि मानिसलाई सशक्तीकरण गरिनुपर्दछ भन्ने मान्यता राख्दछ । सशक्तीकरणका लागि शिक्षा, चेतना, अधिकार र अवसरहरू उपलब्ध गराउनुपर्छ । यसले मानिसका अन्तर्निहित क्षमतालाई जागृत गराउनुका साथै मानवीय जीवनलाई गतिशील बनाउन सहयोग गर्दछ । यो समुदायका शक्ति, क्षमता, आत्मविश्वास तथा पहुँच नहुनेहरूका लागि शिक्षा, चेतना तथा अधिकार र अवसरहरू प्रदान गरी क्षमता अभिवृद्धि गर्ने प्रक्रिया हो । समुदायमा महिला, तल्लाजाति, जनजाति तथा दुर्गम क्षेत्रका व्यक्तिहरू विभिन्न कारणले शसक्त हुन सकेका छैनन् । जसका कारण उनीहरूलाई आफ्ना अधिकारका बारेमा थाहाछैन, क्षमता छ तर प्रयोग गर्न सकेका छैनन् यही अशक्ततालाई ज्ञान, सीप, हिम्मत, शिक्षा, अधिकार तथा अवसर प्रदान गर्ने प्रक्रियालाई सशक्तीकरण भनिन्छ (आचार्य, २०७१ : २५६) । यसले महिला र पुरुषबीच स्रोत र साधनमा रहेका असमानता, सामाजिक असमानता, विभेद तथा परम्परागत र अव्यवस्थित समग्र साङ्गठनिक स्वरूपलाई समानता र न्यायिकतातर्फ रूपान्तरण गर्ने प्रयास गर्दछ ।

निष्कर्षमा सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक आदि विभिन्न कारणले पिछडिएका वा पछाडि पारिएका व्यक्तिहरूलाई राज्यका हरेक तह र तप्कामा समाहित गराउन गरिएको प्रयास नै सशक्तीकरण हो । यसले समाजमा रहेको मानवीय जीवनलाई गतिशील बनाउन समाजका संस्कार, कुरीति र भेदभावको अन्त्य गरी समानतातर्फ उन्मुख हुने, महिला र पुरुषबीच रहेका विभिन्न असमानतालाई समानता र न्यायतर्फ रूपान्तरण गर्ने कार्य गर्दछ ।

### २.२.८ लैङ्गिकताको भाषा

विचार सम्प्रेषणको प्रभावकारी माध्यम भाषा हो । लैङ्गिकताको भाषा भन्नाले लैङ्गिक अध्ययनमा प्रयोग हुने अथवा महिला र पुरुषलाई संवोधन गर्ने भाषा बुझिन्छ । लैङ्गिक हिसाबले मुख्यतः समाजमा महिला र पुरुष दुई वर्ग हुने गर्दछन् । विचार आदानप्रदानका क्रममा हरेक भाषामा यी दुई वर्गले आ-आफ्ना विचार एक अर्कासँग सम्प्रेषण गरिरहेका हुन्छन् । यसरी भाषा प्रयोग गराइको दृष्टिकोण सामान्यतया महिला र

पुरुषमा भिन्न हुन्छ । सामाजिक जीवनका हरेक क्षेत्र, समाज, संस्कृति, अर्थप्रणाली, शिक्षा, स्वास्थ्य आदिमा उनीहरूलाई पृथकपृथक तरिकाले सहभागी हुन सक्ने परिस्थिति निर्माण हुन्छ (आचार्य, २०७१ : ४०) । राजनैतिक, साहित्यिक विभिन्न क्षेत्रमा महिलाहरू सहायक, उपेक्षित, कमजोर र दोस्रो दर्जाको रूपमा रहेको पाइन्छ भने पुरुषलाई उच्च दर्जाको रूपमा हेरिन्छ । नेपाली समाजमा महिलाहरूबाट पुरुषलाई संबोधन गर्दा हजुर, तपाईंजस्ता शब्द प्रयोग गरिन्छ भने पुरुषहरूले महिलालाई तिमी, तँजस्ता शब्दहरूले संबोधन गर्ने गरेको पाइन्छ । यी सबै लैङ्गिक भेदभाव हुन् । लैङ्गिक दृष्टिले महिला र पुरुषले प्रयोग गर्ने भाषामा समानता हुनुपर्छ र उनीहरूलाई हेर्ने दृष्टिकोण पनि सकारात्मक हुनुपर्छ ।

# अध्याय तीन

# अध्ययनविधि र प्रक्रिया

## ३.१ अध्ययनविधि

कुनै पनि शोधकार्यलाई निश्चित गन्तव्यमा पुऱ्याउनका लागि अध्ययनविधि विशेष आवश्यक हुन्छ । निर्धारित समयमा निश्चित उद्देश्यहरू पूरा गरी पूर्ण र विश्वसनीय निष्कर्ष निकाल्ने कार्यमा अध्ययनविधि महत्त्वपूर्ण हुन्छ । प्रस्तुत शोधकार्यलाई पूर्णता दिन पुस्तकालयीय अध्ययन गरिएको छ ।

## ३.२ अध्ययनको क्षेत्र

प्रस्तुत शोधकार्यलाई उद्देश्यमूलक बनाउनको लागि राज सरगमद्वारा लिखित *छाउघर* (२०७३) उपन्यासको लैङ्गिक अध्ययनलाई अध्ययनको क्षेत्रको रूपमा छनोट गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधनहरू

प्रस्तुत अध्ययनलाई उद्देश्यमूलक बनाउन लैङ्गिक अध्ययनसँग सम्बन्धित विभिन्न पुस्तकहरू, पत्रपत्रिकाकालेख, रचनाहरू साथै शोधपत्रहरू सङ्कलन गरी सो सामग्रीहरूको गहन अध्ययनकासाथ अगाडि बढाइएको छ ।

## ३.४ सामग्रीका स्रोतहरू

प्रस्तुत शोधकार्यका लागि निम्नानुसारका प्राथमिक तथा द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ :

### ३.४.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्य *छाउघर* उपन्यासको लैङ्गिक अध्ययनमा केन्द्रित रहेकाले उपन्यासकार राज सरगमद्वारा लिखित *छाउघर* उपन्यासलाई नै प्राथमिक स्रोतका रूपमा लिई अध्ययन विश्लेषण गरिएको छ ।

### ३.४.२ द्वितीयक स्रोत

यस अध्ययनको द्वितीयक स्रोतका रूपमा लैङ्गिक अध्ययनसँग सम्बन्धित विभिन्न लेखरचना, पाठ्यपुस्तक, पत्रपत्रिका, शोधग्रन्थ, व्यक्तिगत आलेख, सरकारी एवम् गैरसरकारी संघसंस्थाका प्रतिवेदन र विद्वान् विशेषज्ञ तथा शोध निर्देशकको राय सुझाव तथा परामर्शलाई लिइएको छ ।

## ३.५ विश्लेषण प्रक्रिया

प्रस्तुत शोध कार्यमा राज सरगमद्वारा लिखित *छाउघर* उपन्यासमा प्रस्तुत गरिएको लैङ्गिक स्थितिलाई पहिल्याउने कोसिस गरिएको छ । प्रस्तुत उपन्यासको विश्लेषण गर्दा सर्वप्रथम लैङ्गिक आधारहरू निर्धारण गरिएको छ । लैङ्गिक आधारहरू निर्धारण गरिसकेपछि त्यसैका आधारमा उपन्यासमा रहेका विभिन्न उदाहरणहरू खोजी तिनीहरूको विश्लेषण र समग्र मूल्याङ्कन गरिएको छ । *छाउघर* उपन्यासमा लैङ्गिकताको भाषा, सशक्तीकरण, हिंसा, लैङ्गिक समानता र समता, सामुदायिक, उत्पादक, पुनरुत्पादक भूमिका आदि प्रारूप निर्धारण गरी त्यही प्रारूपका आधारमा *छाउघर* उपन्यासको विश्लेषण गरी मूल्याङ्कनसहित निष्कर्ष निकालिएको छ । उक्त अध्ययन गुणात्मक किसिमको भएकाले वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । जसका लागि पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरी सैद्धान्तिक ग्रन्थहरूको गहन अध्ययनबाट लैङ्गिक विश्लेषणका आधारहरू तयार गरिएको छ । निर्मित आधारहरूलाई केन्द्रमा राखी उपन्यासभित्र रहेका विभिन्न उदाहरणहरू खोजी तिनीहरूको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

# अध्याय चार

## *छाउघर* उपन्यासमा प्रयुक्त समाज

### ४.१ *छाउघर* उपन्यासमा प्रयुक्त समाजको अवस्था

*छाउघर* उपन्यासको समाज नेपालको सुदूरपश्चिमको समाज हो । यसमा वर्णित पात्रहरूमा नेपाली समाजको रूढिवादी परम्परा, पितृसत्तात्मक हैकम चलाउने, धार्मिक अन्धविश्वासको नाममा समाजले महिलाहरूलाई जे गरे पनि भोग्दै बस्नुपर्ने कुरा देखाइएको छ । समयको परिर्वतनसँगै देशमा परिवर्तन आउँदै गएको भए तापनि सुदूरपश्चिममा भने कुनै परिवर्तन आएको देखिँदैन । उपन्यासमा चित्रित घटनाको आधारमा हेर्दा हाम्रो समाजले नारीप्रति ठूलो विभेद, अन्याय र अत्याचार गरेको पाउन सकिन्छ । छाउघरमा बसेका महिलाहरू हरेक तवरबाट हिंसाको सिकार हुँदा पनि पुरुषप्रधान हाम्रो समाजले कहिल्यै त्यसको अनुसन्धान गरेको देखिँदैन । समाजकै डरले पीडित महिलाहरूले खुलस्त रूपमा आफ्ना पीडाहरू पोख्न पाएका छैनन् । मध्यरातमा अपरिचित व्यक्तिद्वारा मङ्गली दिदी र कलामाथि हातपात हुँदा यस्ता घटनाहरूको फैसला गर्न नपाउनु यसको ज्वलन्त उदाहरण हो ।

प्रस्तुत उपन्यासमा रजस्वला हुँदा छाउघरमा बसेर अनेकौँ दुःख कष्ट भोग्नु परेको अवोध बालिका कलाको २२ दिनसम्मको दिनचर्याको वर्णन गरिएको छ । उपन्यासकी प्रमुख पात्र कला स्कुलबाट घर फर्कँदै गर्दा बाटोमा रजस्वला भएकी छे । ऊ भर्खर १२/१३ वर्षकी भएकीले आफू रजस्वला भएको हो वा अन्य केही कारणले गर्दा रगत आएको हो भन्ने कुरा ठम्याउन सकेकी छैन । जसको कारण दौडँदै घर आएर आफ्नी आमालाई देखाउँछे । आमाले कला रजस्वला भएको कुरा प्रस्ट पार्छिन् र उसलाई घर पछाडि नै राखी बाजेलाई बाहिर नआउन यसरी आग्रह गर्छिन्-

"बाइर जनआया, कला छाउ भई, पहिले नै इजाले भन्नुभयो । बाज्येको आवाज र पदचाप भित्रै हराए" (पृ. ११) । रजस्वला हुनु प्रकृतिको नियम हो । कुनै पापको फलस्वरूप यस्तो भएको होइन । तर पनि सुदूरपश्चिममा यसलाई निकै ठूलो विषयका रूपमा लिइएको पाइयो । त्यहाँ रजस्वला नबारे देउताले दुःख कष्ट दिने अनेक आपत्ती आइलाग्ने

अन्धविश्वास रहेको छ । यस कारण पनि उपन्यासमा वर्णित समाज पुरुषवादी मानसिकताबाट ग्रसित देखिन्छ । "नाइ झानैन मु । नाइ झानैन मु, इजा । मु झानैन" "बाज्ये, बाज्ये । बज्यै, बज्यै" (पृ. १५) । बाजेका देउपितृ रिसाउँछन् भन्ने डरले गर्दा ती बालिकाको चित्कार घरका सदस्यहरूले बेवास्ता गर्छन् । समाजमा धर्मका नाममा छाउघर पठाउने र त्यहाँ अनेकौं खालका हिंसा हुने गरेको कुराबाट समाजमा विभेदकारी अन्याय रहेको तथ्य यस उपन्यासमा देखाउन खोजिएको छ ।

सुदूरपश्चिमको पुरै समाजमा छाउपडी प्रथा रहेको देखिन्छ । कला बसेको छाउघरको वरिपरि अन्य छाउघरहरू पनि हुनु, त्यहाँ भागरथी दिदी, मङ्गली दिदी, शकुन्तला फुपू रजस्वला भएर अनी रुपा भाउजू सुत्केरी भएर छाउ बार्न छाउघर आउनुले त्यहाँको पुरै समाज नै रूढिवादी परम्परा र अन्धविश्वासले जेलिएको तथ्य प्रस्ट हुन्छ । हरेक कुराहरूमा समयअनुसार परिवर्तन हुँदै आउने भए पनि त्यहाँका मानिसहरूको सोच बदलिएको छैन । रजस्वला हुनुलाई पूर्वजन्मको पापको फलको रूपमा लिने गरेको देखिन्छ । अझै पनि घरदेखि टाढा जङ्गलको छेउछाउको छाउघरमा बस्न बाध्य छन् त्यहाँका महिलाहरू । पुरुषवादी विचारधाराको कारणले गर्दा उपन्यासकी पात्र कलाकी आमाजस्ता सुदूरपश्चिमका सबै आमाहरूमा छाउ बार्नु पर्छ भन्ने मान्यता रहेको छ । "देउपित्तर रिस्सिन्छन् छाउ नबारे । बालख्ख जसो जनअरेइ, अब तँ ठूली भै गइ, कला" (पृ. ३३) ।

"तुइले पूजा अड्डो हुनैन । प्रसाद खानु हुनैन । उसै गइ क्या हुने जाँत" (पृ. ५७) । रजस्वला भएपछि तीर्थ ब्रत केही गर्नु नहुने मान्यता रहेको छ । महिलाहरूको विभेद यसरी महिलाहरूले नै गरेको देखिन्छ- "चेलो भईबट जर्मिनु पड्डछ घरै बस्सखिँ" (पृ. ७७) । छोरी भएर जन्मिएपछि चुलोचौको, घाँस दाउरा गर्नुपर्ने र बिहान ढिला समयसम्म सुत्न नहुने कुरा पनि उपन्यासमा यसरी प्रस्तुत गरिएको छ- "चेली भइबट कति सिन्छइ, उठ" (पृ. १२४) ! असल व्यवहारोपयोगी र समयसापेक्ष शिक्षा प्रदान गर्ने ठाउँ विद्यालय र त्यहाँ अध्यापनरत शिक्षकहरूमासमेत छाउको प्रभाव परेको कुरा यहाँबाट पत्ता लगाउन सकिन्छ- "हेडसरले पढाइरहेका बेला उठेर अर्को बेन्चमा बस्न लाग्दा पछिल्लो बेन्चको साथीले गोपाल बाज्येकी बुहारीको छाउ रगत देखेर सरलाई भन्दिछन् । त्यसपछि सरले लौरी लौरीले हानेर उनलाई बाहिर निकालेछन् । छुइ रगत पानी हाली हाली सफा गर्न लगाएछन् सरले (पृ. १३८) । घरमा मात्र नभएर विद्यालयमा पनि हेपिनु परेको तितो यथार्थ प्रस्तुत गरिएको

छ । साथै विद्यालयमा दिइने शिक्षासमेत विद्यार्थीको तह, स्तर तथा समयसापेक्ष नभएको गुनासो उपन्यासकी प्रमुख पात्र कलाद्वारा यसरी पोखिएको छ-

"यो नछुनी कुप्रथा भनेर जानैँ । साँच्चै यो मैले पोहोरको बर्ष जानेको भए मैले बज्यैलाई, बाज्येलाई, इजालाई आफ्नो पाठ पढेर सुनाउने थिएँ ।"

औँलाको भरमा देखाएर चन्द्रमा हो भनेर आकाशको फललाई पढाउँथे हाम्रा सरहरूले । त्यसलाई यो बाह्र तेह्र वर्षको उमेरसम्म छुन सकिन मैले । म यत्री भइसकेँ तर त्यो चन्द्रमा त्यत्रै छ, त्यस्तै थियो । व्यवहारमा बेहोरिने खालको पाठ पढ्न पाए अझ कति जाति हुने थियो होला ।

सिकाउनु यो छाउपडी प्रथाको पाठ सिकाएको भए ? यो कुप्रथा हो भनेर बुझाएको भए ? यो महिलाको मासिक धर्म भनेर पढाएको भए ? नछुनी हुँदा पनि घरमा नै बस्न मिल्छ भनेर पढाएको भए ? म यो छाउगोठमा आउँथिन । यो रगत देखेर चिच्याउँदै दौडिने थिइनँ ।

कक्षा नौको जनसङ्ख्या तथा स्वास्थ्य शिक्षा किताबमा प्रजनन्बारे एकपाठ पढ्न पाइन्थ्यो भनेर भनेकी थिइन मङ्गली दिदीले । त्यो पनि छाउपडीको विषयमा भन्दापनि छुइको चरण र बच्चा हुने विषयमा रहेछ ।

छ कक्षामा नछुने भएर छाउगोठ बस्नुपर्ने । दस कक्षामा पुगेर नछुने हुने विषयको पाठ पढ्नु पर्ने ? जीवनले सिकाएको पाठको अघि र पछि पाउने किताबी ज्ञान मन नपरेको उपहार जस्तै भएन र" (पृ. १९२ - १९३) ? उपन्यासमा कथित प्रस्तुत प्रसङ्गले छाउपडी प्रथाको अन्त्यका लागि सिङ्गो सुदूरपश्चिममा आवाज उठाउनु पर्ने, विद्यालयमा दिइने शिक्षा व्यवहारअनुकूल तथा समयसापेक्ष हुनुपर्ने र यस्ता कुप्रथाहरूको जरैदेखि निर्मूल गर्ने कार्यक्रमहरू ल्याइनुपर्छ भन्ने आसय देखाउन खोजेको पाइन्छ ।

### ४.२ भूमिकापरक अध्ययन

प्रत्येक समाजले लैङ्गिक आधारमा महिला र पुरुषका फरकफरक भूमिका निर्धारण गरेको हुन्छ । यस्ता भूमिकाहरू धर्म, संस्कृति, परम्परा, मान्यता आदि आधारमा निर्धारण

हुने गर्दछन् । यसरी लिङ्गका आधारमा महिला र पुरुषको भूमिकालाई लैङ्गिक भूमिका भनिन्छ । यो समयको परिवर्तनसँगै परिवर्तन हुन पनि सक्छ ।

*छाउघर* उपन्यासमा भूमिकापरक अध्ययन गर्दा महिला र पुरुषले गर्ने कार्यका आधारमा विश्लेषण गरिन्छ । यस उपन्यासमा ग्रामीणदेखि सहरीया, शिक्षितदेखि अशिक्षित महिला र पुरुषहरू साथै मानवेत्तर पात्रको रूपमा कुकुर र बिरालो पनि आएका छन् । उपन्यासमा कला, कलाकी आमा, कलाकी बज्यै, भागरथी दिदी, मङ्गली दिदी, रुपा भाउजू, रुपा भाउजूकी सासू, गौमती भाउजू, हिरा, हिराकी बहिनी, शकुन्तला, फुपू, दमिनी काकी, स्वयम्सेविका, सुडेनी, पार्वती कइसी, गोपाल बाजेकी बुहारी, घाँसीहरू, गोठाल्नीहरू आदि थुप्रै महिलाहरूको उपस्थिति देखिन्छ । त्यस्तै पुरुष पात्रहरूमा कलाको बाजे कलाको बाबा, कलाको भाइ, भरत काका, रामीकाका, भगत जोगी, मलामीहरू, छाउघर छाउने कामदारहरू, राम, लाटो (मनबिरे) माओवादीमा हिँडेका केटाहरू, पौडी खेल्न गएका रामका साथीहरू, मङ्गली दिदीलाई राती हातपात गर्न आउने अपरिचित व्यक्ति, धामी, हेड्सर आदि रहेका छन् । *छाउघर* उपन्यासको भूमिकापरक अध्ययन (उत्पादक, पुनरुत्पादक र सामुदायिक भूमिका) का आधारमा व्याख्या विश्लेषण गरिन्छ :

### ४.२.१. उत्पादक भूमिका

उत्पादक भूमिकाका आधारमा हेर्दा यी आयआम्दानीका लागि गरिने भूमिकाहरू हुन् । यस्ता भूमिकामा आर्थिक पक्षको महत्त्व हुन्छ । यस किसिमको भूमिकामा महिलाहरू भन्दा पुरुषहरू बढी सहभागी हुने परम्परा रहिआएको भए पनि यस उपन्यासमा महिलाहरूको पनि उत्पादशील कार्यमा सहभागिता रहेको पाइन्छ ।

प्रस्तुत उपन्यासमा पुरुषको उत्पादक भूमिकामा कलाको बाजे गा.वि.स.को पियन रहेको र अहिले उसको पेन्सन भएकाले त्यसका ठाउँमा कलाको बाबालाई राखिएको छ । भागरथी दिदीले चौतारा चोकमा जुत्ता सिलाएर आफ्नी आमालाई पालेकी छन् । भागरथी दिदीको लोग्नेले पनि भारतको सिमला भन्ने ठाउँमा काम गरेको पाइन्छ भने हेड्सर, स्वयम्सेविका, सुडेनीले पनि आ-आफ्नो क्षेत्रअनुसारको कार्य गरी जीवनयापन गरेको पाइन्छ । यस आधारमा हेर्दा प्रस्तुत उपन्यासमा पुरुषको तुलनामा महिलाले अपेक्षाकृत भूमिका निर्वाह गरेको देखिन्छ ।

### ४.२.२ पुनरुत्पादक भूमिका

पुनरुत्पादक भूमिकालाई अनुत्पादक भूमिका पनि भनिन्छ । महिलाहरूको प्राकृतिक पुनरुत्पादक भूमिकाअन्तर्गत गर्भधारण गर्ने, बच्चा जन्माउने, स्तनपान गराउने आदि पर्दछन् भने सामाजिक पुनरुत्पादक भूमिकाअन्तर्गत खाना बनाउने, बालबच्चा स्याहारसुसार गर्ने वा हुर्काउने, परिवारका सदस्यहरूको हेरचाह गर्ने, सरसफाइ गर्ने साथै दैनिक रूपमा गरिने सबै कार्यहरू पर्दछन् । यस्ता कार्यमा पुरुषभन्दा महिला सहभागिता बढी रहेको पाइन्छ । *छाउघर* उपन्यासमा कलाले कलाको बाजे, बज्यै र आमाको बारेमा यसरी व्यक्त गर्छे-

"धूवाँ पुत्तायो तलामुनिबाट । कुँडोको ताउलो बसालेर कुचो लगाउनुभयो इजाले । गोबर र माटो भिजाएर दैलोदेखि भित्र थानसम्म लिप्नुभयो । अनि, जुठा भाँडा माझेर हातमुख धुनुभयो" (पृ. ३) ।

भैंसी करायो । सुसारे खोजेको होला । तर इजा आइपुग्नुभएको थिएन । मैले थाहा पाएदेखि इजामात्रै घाँस काट्न गएको देखेकी थिएँ । तर दूध बेच्न भने बाजेमात्रै जान्थे । दुध बेचेरै तेरा बाबालाई पढाएको हुँ भन्थे । दही मथ्ने, पारो धुने, घ्यु बनाउनेचाहीँ बज्यैले गर्थिन"(पृ. ९) । त्यस्तै गोठाल्नीहरू, गौमती भाउजू, शकुन्तला, फुपू, हिरा, रुपा भाउजू, पार्वती काकीको भूमिकालाई पनि पुनरुत्पादक भूमिकाअन्तर्गत राख्न सकिन्छ । प्रस्तुत उपन्यासमा अनुत्पादक भूमिकामा पुरुषको तुलनामा महिलाहरूको भूमिका नै बढी देखिन्छ ।

### ४.२.३ सामुदायिक भूमिका

सामुदायिक भूमिकाअन्तर्गत समाजको प्रगति तथा भलाइका लागि स्वयम्सेवकको रूपमा समाजमा गरिने विभिन्न कार्यहरू जस्तै- समुदायको स्रोत र साधनको संरक्षण र संवर्द्धन गर्नु, समाजमा गरिने सामाजिक, सांस्कृतिक तथा रचनात्मक कार्यमा संलग्न भई सहयोग गर्नु आदि पर्दछन् । प्रस्तुत उपन्यासमा भरत काका भागरथी दिदीको मृत्यूपश्चात् कलालाई भेट्न छाउघरमा जान्छन् र कलाकोसामु यस्तो कुरा व्यक्त गर्छन्- "हामीले बनाएको रीतिरिवाज हामीभन्दा ठूलो होइन । बूढापाकाको धर्म जोगाउने चक्करमा भागरथीले झैँ अकालमै ज्यान गुमाउनु हुन्न । गोठमा बस्न हुन्न" (पृ. १०३) । भरत काकाको यो भनाइले कला लगायत छाउघरमा बस्ने सबै महिलाहरूलाई समाजमा सङ्घर्ष गर्न प्रेरणा मिलेको छ । स्वयम्सेविका र सुडेनीले पनि छाउघरमा भएका बिरामी तथा सुत्केरीको उपचारमा सहयोग गरी सामुदायिक भूमिका निभाएका छन् ।

प्रस्तुत उपन्यासमा सामुदायिक कार्यका लागि पुरुषभन्दा महिला पात्र नै बढी सक्रिय रहेकाले लैङ्गिक समानता नरहेको देखिन्छ ।

## ४.३ लैङ्गिक हिंसा

*छाउघर* उपन्यासमा वर्णित पात्र भागरथी दिदी जातले सार्की र भरत काका भट्ट बाहुन हुन् । यिनीहरूबीच प्रेम सम्बन्ध रहेको भनेर भट्ट परिवारले भागरथी दिदीलाई धेरै पिटेर घरबाटै निकालेको पाइन्छ । त्यस्तै कलाकी फुपू आफ्नो विवाहको पहिलो रात नै रजस्वला भएकीले फुपाजुबाट पिटिएकी थिइन् । पिटाइकै कारण उनको हात भाँचिएको थियो । यही रिसले गर्दा फुपाजुले तुरुन्तै सौता ल्याएका थिए । जसले गर्दा फुपूको जिन्दगी एक्लै केबल घाँस, दाउरा र गोठमै बितेको छ । स्कुलमा नै रजस्वला भएकाले गोपाल बाजेकी बुहारीले हेड्सरबाट धेरै कुटाइ खाएकी छिन् । मङ्गली दिदी र कला सुतेको ठाउँमा गएर रातको समयमा एक अपरिचित व्यक्तिले हातपात गरेको छ- “को राँडाको चेलो आया छ काखीलाई बोला कला.......ए काखी काखी । बचाया हो, यै पापीले मार्न्याहो काखी ।”

म पनि आत्तिँदै एकै सासमा कराएँ- “काखी काखी, याँ को मान्छे आया छ । मङ्गली दिदीलाई जबरजस्ती.......!”

कपाल लुछेर जोरको थप्पड हान्यो मलाई । आत्तिँदै नाकमुख नै थुन्न थाल्यो

भएभरको बल लगाएर हातमा टोकिदिएँ । मेरो गाला चड्कायो । हुत्याइदियो भित्तातिर मलाई । कच्याककुचुक भएर थुप्रिएँ । टाउको ठोकिएर रून थालेँ । अनि, त्यो मान्छे दिदीलाई अचेट्न थाल्यो निर्दयी भएर ।

मेरो त होसहवास उड्न थाल्यो । चिच्याउँदै फुत्त बाहिर हामफालेँ । अत्तालिँदै पल्लो घरको ढोकामा उभिएर सबैलाई बोलाएँ । आत्तिएर सबै उठे । तीनै जना जोरजोरले कराउँदै मेरो गोठतिर हान्नियौँ ” (पृ. १५५ - १५६) ।

समाजको ढोँगी प्रवृत्तिको कारणले गर्दा धार्मिक अन्धविश्वासको नाममा महिलाहरू आफ्नो घर परिवार तथा समाजदेखि टाढा रहँदा यसरी विभिन्न ढङ्गबाट हिंसाको सिकार भएका छन् ।

## ४.४ लैङ्गिक विभेद

*छाउघर* उपन्यासमा पितृसत्तात्मक सोच, धार्मिक अन्धविश्वास, रूढिवादी परम्पराले गर्दा महिलाहरूलाई जताततै विभेद गरेको पाइन्छ । किशोरावस्थाको सुरुवातसँगै जुनसुकै महिलाहरूमा हुने मासिक प्रक्रिया हो रजस्वला । यो कुनै पापको कारणले गर्दा हुने नभई प्रकृतिको नियमित प्रक्रिया हो । प्रस्तुत उपन्यासमा उपन्यासकी प्रमुख पात्र कला १२/१३ वर्षको उमेरमा नै रजस्वला भएकी छ । यही कारणले गर्दा ऊ घरबाट निकालिई जङ्गल छेउको गोठमा बस्न विवश छ । उपन्यासमा वर्णित सबै महिलाहरू रजस्वला हुँदा र सुत्केरी हुँदा त्यही गोठमा दिनहरू बिताउने गरेका छन् । उनीहरूलाई रुखविरुवादेखि लिएर केही कुरा छुन दिइएको छैन । “मैले लिपेको भित्तो, मैले नै छुन नपाउने भएछु छाउपडीले” (पृ. १३) । दुध दही खानबाट बन्चित गरिएको छ । “दूध, दही, घ्यु खानु हुनैन छाउगी बेला” (पृ. ३०) ।

“छाउगोठै उडायो, कला । अब कसो विपत्.........” (पृ. ६६) । रातको समयमा घनघोर पानी परेर छाउगोठ नै भत्किएको सन्दर्भमा भागरथी दिदीले कलासँग माथिको वाक्य भनेकी हुन् । यसरी महिलाहरू एक्लैएक्लै छाउघरमा बस्दा विभिन्न तवरबाट शोषित, पीडित भएका छन् । जातीय विभेद पनि रहेको कुरा यसरी देखाइएको छ- “धन्न फुक्ने बूढा सार्की नै रहेछन् । यदि कुनै बाहुन भएका भए छाउ भएकीलाई नछुने । यही बूढाले त सात दिन भयो भनेपछि मात्रै मानेका रहेछन् । यो जातले पनि मान्छे खाने भो, छाउको जातले पनि मान्छे खाने भो (पृ. ९२) । उपन्यासकी प्रमुख पात्र कला रजस्वाला भएकै कारण स्कुल जान पाएकी छैन । कक्षामा केटीहरू पहिलो हुन नसक्नुको कारण पनि ऊ यसरी भन्दै थिई- “आज थाहा पाउँदै थिएँ, हामी पहिलो हुन नसक्नु निरन्तर स्कुल जान नपाउनु पनि यही रहेछ” (पृ. १२१) ।

“यो गाउँका बाज्येहरूले छाउ बार्नु पर्दैन भनेको दिन यहाँका दिदीबहिनीको अनुहार कति उज्यालो हुन्थ्यो होला । कति बाँच्थे होलान् इजाहरू । कहिल्यै हाम्रो पढाइ छुट्थेन होला यो ओसमा ओसिनु पर्थेन होला । बर्षै भरिको चाड मनाउन छुट्थेन होला” (पृ. १३६) । छोरा र छोरीबीच विभेद गरिएको कुरा उपन्यासकी पात्र कला यसरी व्यक्त गर्छे- “छोरीले पितृ पुज्न नपाउने भएर होला, यसबारे नभनेका बाज्येले । तर, तिनै देउतालाई पुज्न जता पनि कन्या चाहिन्छ । थान लिप्न, चोखो पानी राख्न, तिनको नामको

टीका थाप्न छोरीलाई अगाडि राखिन्थ्यो । इतिहास थाहा पाउने अधिकार भने छैन चेलीलाई ।

पुज्न र ढोग्न पनि विभेद छ यहाँ सन्तान सन्तानमा विभेद छ । एउटै कोखबाट जन्मिन्छन् सन्तान । छोरा भए बाज्येको पुर्खालाई पुज्न पाउने छोरी भए पाउँदैनन् ” (पृ. १६८) ।

“रगतको खोलो बगाएर बच्चा पाउँदा शरीर कमजोर हुन्छ भन्ने सबैलाई थाहाथियो तै पनि खान दिँदैनन् आँत भरिने पोषिलो चीज ।

घरमा पालेको गाई भैँसीलाई बचाउनु थियो । नत्र भोलि दूध खान नपाउलान् भन्ने डर घरकालाई भैँसी मरी भने ठूलो नोक्सान हुन सक्छ यहाँ तर एउटी सुत्केरी इजा मरी भने नोक्सान् हुँदैन यिनका निम्ति” (पृ. १८७) । यसरी हेर्दा उपन्यासको सुरुदेखि अत्यसम्म नै  लैङ्गिक विभेद प्रशस्त रहेको पाइयो ।

# अध्याय पाँच

# उपन्यासमा प्रयुक्त लैङ्गिक चेतना

## ५.१ लैङ्गिक समानता

उपन्यासकार राज सरगमद्वारा लिखित *छाउघर* उपन्यासमा अन्धविश्वासमा जकडिएको पुरुषप्रधान समाजले महिलामाथि गरेको अन्याय, अत्याचार, शोषण, दमन, हिंसा आदिको विश्लेषण गरिएको छ । समयको चक्रसँगै हरेक कुराहरूमा परिवर्तन आउँदै गएको भए पनि सुदूरपश्चिममा छाउपडी प्रथा अझै पनि ज्यूँका त्यूँ रहेको कुरा उल्लेख छ ।

“तुइले दिदीलाई हेद्दो हुनैन लाटा” (पृ. १३) । “हिड्दा हिँड्दै मनले खुसुक्क भनेको थियो मलाई, आफ्नै घर हेर्न बन्चित बनाउने गुण पो रहेछ छाउ” (पृ. १६) । प्रस्तुत वाक्यमा महिला र पुरुषलाई हेर्ने दृष्टिकोणमा समानता नरहेको देखिन्छ ।

सुदूरपश्चिममा रजस्वला तथा सुत्केरी भएका महिलाहरूलाई घरमा बस्न बन्देज नै गरिएको छ - “अहो ! कस्तो एक्लो ठाउँ रोजेको यो छाउले, जहाँ आफन्तको आवाज सुन्न नै नपाइने” (पृ. १८) ।

“सबै बन्दोबस्त गरिसकेकी होलिन् बज्यैले । बाज्येले बिहानै नुवाइधुवाइ, चोखोनितो गरेर यसो गर, उसो गर् भनेर इजालाई अह्राइरहेका होलान् । अनि, बाबाले पनि बाज्येकै सिको गर्दै होलान्” (पृ. ७१) । प्रस्तुत वाक्य हेर्दा समाजमा अझै पनि पुरुषलेभन्दा महिलाले बढी काम गर्नुपर्ने, उनीहरू मालिक बनेर जतिसक्दो महिलाहरूलाई काममा लदाउने गरेको पाइन्छ ।

“एघार दिन भयो स्कुल नगएको । चारवटा पाठ सके होलान सरले । अझ एघार दिन छुट्ने स्कुल । स्कुल छुटेर घरकालाई असर पर्दैन । नातिनीको भविष्य भन्दा पनि देउ ठूला थिए बाज्येका निम्ति” (पृ. १२०) ।

“साँच्चै छोरीको जीवन बालुवाको घरजस्तो । कतिखेर खहरे बढ्ने हो र भताभुङ्ग पार्ने हो” (पृ. १२८) । यसरी लैङ्गिक समानताका दृष्टिकोणले हेर्दा प्रस्तुत उपन्यासमा समानता नरहेको देखिन्छ ।

## ५.२ वैचारिक परिवर्तन

राज सरगमद्वारा लेखिएको *छाउघर* उपन्यासमा रजस्वला भएर बाईस दिनसम्म छाउघरमा बस्न विवश एक बालिकाको दिनचर्या प्रस्तुत गरिएको छ । रजस्वला भएको बार्नु पर्छ नबारे देउ पितृ रिसाउँछन् भन्ने परम्परागत मान्यता राखी २२ दिनसम्म कलालाई छाउघरमा राख्न बाध्य पारेको कलाको परिवारले बाइसौँ दिन घर लिएर जाँदा उसले घरभित्र छिर्न त के बस्नसम्म मानेकी छैन - "मुलाई छाउगोठ मार्नकी लाया हौ तमले । ताँ बस्ताले भागरथी दिदी मरी मङ्गली दिदीलाई रात कसैले तानीबट धकाल पकाल अऱ्यो । गणेशको बच्चाले पेटभरि दूध खान पाएइन । तम्रा देउपितृ ठूला भया । तम्रो धर्म राम्डो भयो । तम आफ्नो देउ राख घरमी मु बस्तैन, एक बस्तैन दुई बस्तैन" (पृ. २०६) । कलाले एक्काईस दिनसम्म छाउघरबाट निस्कन नपाएको भए पनि बाइसौँ दिन घर जाँदा उसले त्यहाँ गएर आफ्ना सम्पूर्ण पीडा पोखी घरबाट निस्किएर हिँडेकी छ । उसको यो कुरामा परिवारका सदस्यहरूले कलालाई छाउघरमा एक्लै लगी राख्नुमा आफूहरूको नै गल्ती भएको महसुस गरी कलाकी आमाले यस्तो कुरा व्यक्त गर्छिन् - "कला तुइले जिति, मुइले हाऱ्या मु कसम खाउँला" (पृ. २०६) । यसरी कलाले समाजमा भएको अन्याय, अत्याचार, शोषण, महिला हिंसा आदिमा देखिएको समाजको अस्तव्यस्तादेखि वैचारिक परिवर्तन आएर अन्यायका विरुद्ध सशक्त रूपमा आवाज उठाएको पाइन्छ । यसपछि कलाको घर परिवारमा पनि वैचारिक परिवर्तन आएको कुरा माथिको वाक्यबाट देखिन्छ ।

## ५.३ उपन्यासमा सशक्तीकरण

*छाउघर* उपन्यासमा महिलाहरू समाजको अन्याय र अत्याचारबाट भित्रभित्रै पिल्सिएका छन् । उपन्यासकी पात्र भागरथी दिदीको छाउघरमै सर्पले टोकेर मृत्यू भएको छ । मङ्गली दिदीलाई छाउघरमा रातको समयमा अपरिचित व्यक्तिले आक्रमण गरेको छ । सुत्केरी रुपा भाउजूले छाउघरमा बसेकै कारण पेटभरी खान पाएकी छैन । बाइस दिनसम्म यस्ता यावत घटनाहरू देख्दै र भोग्दै आएकी उपन्यासकी प्रमुख पात्र कलाले बाइसौँ दिन उसकी आमाले घर लिएर जाँदा घरभित्र नपसी त्यहाँ बस्दाका आफ्ना सम्पूर्ण पीडाहरू पोखी घर छाडेर हिँडेकी छ ।

"पहिलो छाउकीले हेर्दैमा लाग्ने पाप कस्तो होला त ? देख्दैमा जन्मिने पाप कस्तो होला ? के यो पापलाई मार्ने कुनै उपाय छैन ? बाज्येका देउभन्दा पनि ठूलो हो र पाप ?

मैले भेटेको भए पुक्लुक्कै जहाँको तहीँ ठहरै पार्ने" (पृ. १०५) । छाउ राख्ने चलन कलालाई पटक्कै मन परको छैन । ऊ हरेक कुरामा तर्क गरिरहन्छे ।

"के पाउँछस् बन्दुक बोकी रातबिरात हिँडेर ?" मङ्गली दिदीले लाटोलाई भनिन् ।

"परिवर्तन ! कइलसम्म सहुँ शोषक सामन्तीको तलेटो ढागीबट," लाटोले भन्यो- "एकदिन हाम् यइ समाज परिवर्तन अरिधेग्याउन्या हौँ, बज्यै ।"

लाटोको कुरा सकिनेबित्तकै हातमा ज्वाला लिएर उभिएकी छोरेट्टीले भनिन्- हो बज्यै कमरेट मनबिरेले साँचो भन्दै हुनुहुन्छ । जातीय छुवाछुत, महिला हिंसा, छाउपडी प्रथाजस्ता कुरीति र अन्धविश्वासको अन्त्य हुनुपर्छ । जाग्नुस् तपाइँहरू पनि । कहिले सम्म यसरी गोठमा बस्नहुन्छ " (पृ. १४९) । यसरी समाजले गरेको कुरीति तथा अन्धविश्वासको लागि लाटो (मनबिरे) सँग आएका मओवादीका व्यक्तिहरूले सशक्तीकरणका लागि आवाज उठाएको पाइन्छ ।

"यो चलन होइन, कला । यो त दमन हो । बाँच्ने अधिकार खोसेको हो । हाम्री भाउजू पनि सुत्केरी भएको देखेकी थिएँ । ढासा हो, कला" (पृ. १८९) ।

माथिको वाक्य रुपा भाउजू आफू सुत्केरी भएर छाउमा बस्नु परेको र त्यहाँ उसकी सासूले सुत्केरीका लागि आवश्यक खानेकुरा केही खान नदिएकोले सशक्तीकरणका लागि आवाज निकालेकी हुन् ।

"धर्मको आडमा भोग्न लगाइएको नियतिलाई फेर्न विज्ञानको भाषा बुझ्न आवश्यक रहेछ । यो गोठको संरचना भत्काउन छाउको वैज्ञानिक धारणा बुझ्न खाँचो रहेछ । हाम्रो गाउँका बाज्येहरूले यो छाउपडी मान्नुको पहिलो कारण विज्ञान समयमा बुझ्न नसक्नु लाग्यो । धर्मका अक्षरहरूका आधारमा संस्कार र संस्कृति बनाइयो । दुःख भोग्न लगाइयो । तै पनि यिनका चाम्रिएका आँखामा कुनै पश्चातापको दृश्य थिएन । यिनलाई मनमा रत्ति पनि भूल गरेको लाग्दैन । यिनलाई घमण्ड थियो ; आफूले लादेको कुरीतिमा यिनलाई गर्व थियो ; धर्मलाई बचाइराखेकामा । यिनीहरू खुसी थिए, यो चलनलाई बलियो बनाउन सकेकामा" (पृ. १९१) । रुपा भाउजूबाट छाउपडी कुनै पाप नभई प्रकृतिको सामान्य प्रक्रिया हो भन्ने कुरा बुझेकी कलाले परम्परागत अन्धविश्वास तथा पितृसत्तात्मक सोचप्रति असन्तुष्टि व्यक्त गरेकी छ, भन्छे- "अब स्कुलको घण्टी झैँ बजाउन मन थियो, मेरो आवाज । छाउघरको टुप्पोमा बसेर सारा गाउँलेलाई सिकाउन मन लागेको थियो बउजूका एकएक कुरा ।

आजै, अहिल्यै सबैलाई बोलाएर यो छाउगोठबाट बिदा माग्न मन लाग्यो । तर ताल मिलेन । मादलको तालमा देउडा नाचेकी थिएँ तर नाच्न डराएँ यो मनको तालमा ।

कुप्रथाको भ्याली खोलामा बगाइदिन मन लागेको थियो । कुरीति र अन्धविश्वासविरुद्ध बाज्येबज्यैको कान फुक्न मन लागेको थियो ; बाजेले पैसा दिएर भाइको कान फुकेजसरी । यो परम्परा र चालचलन छान्न मन लागेको थियो तोरी र कुसुरो छानेजसरी । यिनको चेतमा आगो सल्काउन मन थियो घुऱ्यान सल्काएजसरी । तर, कसरी" (पृ. १९३) ? आफूहरूलाई अनेक किसिमले यातना दिने समाजका विरूद्धमा खुलेर आवाज निकाल्न नसकेकी प्रतिनिधि पात्र रुपा भाउजूले कलालाई छाउका विषयमा प्रष्ट पारदिएकी छिन् । यसैको कारण कलालाई समाजको घृणित प्रवृत्तिप्रति विरोध गर्न इच्छा जागेको छ । यी अनुभवहरूबाट सिकाइ भन्ने कुरालाई विद्यालय र किताबमा मात्र सीमित गर्न नहुने भन्दै कला भन्छे- "सिक्न चाहेपछि जहाँ पनि स्कुल हुने रहेछ । पाठशाला मात्रै स्कुल हुने रहेनछ । किताबी ज्ञान कुलो मात्रै त रहेछ । असली ज्ञानको पानी खोलो रहेछ भन्ने बुझेँ" (पृ. १९९) । यसरी छाउघर बस्दा सिकेका असीमित पाठले कलाका मनमा विभिन्न विचारहरू आएका छन् । घरपरिवारसँग विद्रोह गर्ने दृढ सङ्कल्प गरेकी छ । बाइसौँ दिन आफ्नी आमाले घर लिएर जाँदा घरभित्र छिर्न मानेकी छैन । यसका लागि उसका घरपरिवारले अनेक आश्वासन देखाएका छन् तर कलाले यसमा कुनै प्रतिक्रिया नदेखाई समाज र समाजको राक्षसी प्रवृत्तिको विरोध स्वरूप घर छाडेर हिँडेकी छ ।

# अध्याय छ
# उपन्यासमा प्रयुक्त लैङ्गिकताको भाषा

भाषा मानवीय वस्तु हो । भाषाद्वारा विचारहरू अभिव्यक्त गर्ने क्षमता केवल मानवमा मात्र सीमित रहेको हुन्छ । भाषिक उपयोगमा कुनै न कुनै रूपमा प्रयोगमा आइरहने लैङ्गिकताको दृष्टिकोणलाई विशेष रूपले हेर्नु जरुरी हुन्छ । मुख्यगरी समाजमा लैङ्गिक हिसाबले दुई वर्ग रहने गर्छन्- महिला र पुरुष । विचार आदान प्रदानको क्रममा हरेक भाषामा यी दुबै वर्गले आ-आफ्ना विचार एक अर्कासँग सम्प्रेषण गरिरहेका हुन्छन् । भाषा प्राप्ति, आर्जन र प्रयोग गराईको दृष्टिकोण महिला र पुरुषमा फरक पाइन्छ । प्रस्तुत छाउघर उपन्यासमा पात्रहरूले प्रयोग गर्ने भाषालाई विभेदमूलक भाषा, हिंसाजन्य भाषा र सन्तुलित भाषामा विभाजन गरी निम्नानुसार अध्ययन गरिएको छ :

## ६.१ विभेदमूलक भाषा

"आज धनगढीबाट आउँदा बाबाले मलाई पक्कै झोला ल्याइदिन्छन् होला । मैले पछ्याउँदा बाबाले भनेका थिए-

"मेरी चेलीलाई निक्को झोला ल्याइदिउँला । घरै बसेइ हा ।"

बाबाले यति भनेपछि म घरै बसेकी थिएँ । नत्र म पनि जान्थेँ बज्यैको हात समाएर धनगढी । केही कुरा ल्याइदिन्छु भनेपछि पछ्याउँदिन पनि । तर, भाइ कत्ति मान्दैन । ऊ पछ्यायो भने त लगेरै जानुपर्छ । अलि अटेरी पनि छ" (पृ. ६) ।

प्रस्तुत वाक्य कलाको बाबा र हजुरआमा धनगढी जाँदा कलाको भाइलाई चाहिँ सँगै लिएर गएको र कलालाई भने झोला किनेर ल्याइदिने आश्वासन देखाई घरै राखेको सन्दर्भमा प्रयोग गरिएको हो । छोरीलाई चाहिँ बाहिरतिर कतै घुम्न नलैजाने भरसक घरै राख्ने र छोरालाई भने जे भन्छ त्यही मान्ने, बढी पुलपुल्याएर राख्ने गरेको कुरा माथिको वाक्यबाट प्रस्ट हुन्छ । यहाँ लैङ्गिक दृष्टिले हेर्दा विभेदमूलक भाषाको प्रयोग गरिएको देखिन्छ ।

"पइल्ली छाउकी बेला बुदीखिं हेद्दुनाइ । लुक्दु पड्ढछ ।" "हेऱ्या क्या हुन्छ ?" "पाप लाग्दोछ" (पृ. १६) ।

माथिको वाक्य कलालाई कलाकी आमाले भनेकी हुन् । सुदूरपश्चिमको समाजमा रूढिवादी परम्परा र अन्धविश्वासका कारण रजस्वला भएकाबेला महिलाहरूले पुरुषहरूलाई हेर्नुहुँदैन भन्ने मान्यता रहेको छ । कला रजस्वला भएकाबेला उसका दाजुभाइ, बाजे, बाबु कसैलाई पनि हेर्नु हुँदैन भन्ने प्रसङ्गमा कलाकी आमाले कलालाई प्रस्तुत वाक्य भनेकी हुन् । जुन वाक्यमा प्रयोग गरिएको भाषाले  छोरा र छोरीमा विभेद गरिएको देखिन्छ ।

"रानी खान्या हंशराज रौतले २, दैकेला ३ ।

रुन्छ मन धड्कन्छ छात्ती, सम्झन्छु जै बेला" (पृ. २१) ।

प्रस्तुत सुन्दर गीतका पङ्क्ति सुदूपश्चिममा गाइने देउडाको हो । यो गीत छाउघरमा एक्लै बस्दैगर्दा भागरथी दिदीले गुन्गुनाएकी हुन् । आफ्ना पीडाहरू समाजमा खुलेर व्यक्त गर्न नसक्ने त्यहाँका महिलाहरू यस्तै विरही भाकामार्फत गुन्गुनाउँदै आनन्दित हुने गर्छन् ।

"काँ झाने होइ ?" इजाले सोध्नुभो ।

"इस्कुल ।"

"इस्कुल झानु हुनैन ।"

"सरले आज पाठ हेर्नुहुन्छ । मैले पाठ गरेको छु । त्यसैले पनि म स्कुल जाने हुँ ।" मैले भनेँ । तर, इजा बीचैमा पड्किनु भयो । केलाई बढी बोल्न लाछै ? इस्कुलका पाठ याइँ पढ्यै ।"

अँ सरले पढाया जसो हुन्छ कि आफले पढ्याको, "अलि चर्कोसँग भनेँ । इस्कुल पछा झाल्ली, छाउ भया बेला झानु हुनैन । बुदी इस्कुल झान्या हो, ऊ धेख्द्या हो तुखिं, "इजा झनक्क रिसाएर पड्किनुभयो" (पृ. ३४ - ३४) ।

माथिको वाक्य कलाले आफू छाउघरमा बसेकाबेला स्कुल जान खोज्दा उसकी आमाले रजस्वला भएकोबेला जानुहुँदैन भन्ने सन्दर्भमा प्रयोग गरिएको भाषा हो । यी वाक्यहरूले रजस्वला भएकाबेलामा महिलाहरूले विद्यालयसमेत जान नहुने भनी अशिक्षित वर्गले प्रयोग गर्ने विभेदीकृत भाषाको प्रयोग गरिएको छ ।

"देउ पित्तर रिस्सिन्छन् छाउ नबारे । बालख्ख सो जनअरेइ अब तुँ ठूली भैगइ कला" (पृ. ३६) । प्रस्तुत वाक्य कलालाई कलाकी आमाले भनेकी हुन् । रूढिवादी सोचको कारणले गर्दा रजस्वलालाई अत्यन्त बृहत् विषयको रूपमा लिने सुदूरपश्चिमको समाजले महिलामाथि निकै ठूलो अन्याय गरेको देखिन्छ ।

"एक्कली बाहिर जनआएई । तेरा बाज्ये मुसँग रिसिन्या हुन्" (पृ. ५१) ।

प्रस्तुत वाक्य कला छाउगोठमा बाहिर बस्दा कलालाई बाहिर आउनु हुँदैन भन्ने सन्दर्भमा कलाकी आमाले प्रयोग गरेको भाषा हो । पुरुषहरूको शोषकी सामन्ती हैकमको कारणले गर्दा सुदूरपश्चिममा महिलाहरू स्वतन्त्र रूपमा हिँड्न नसकेको, सँधै पुरुषको डर त्रासमा जीवनयापन गर्नुपर्ने सङ्केत माथिको वाक्यले गरेको पाइन्छ । यहाँ विभेदीकृत भाषाको प्रयोग भएको पाइन्छ ।

"चेलो भईबट जर्मिनु पड्डछ घरै बस्सखिं" (पृ. ७७) । कलाले आफू बिहे गरेर पराइ घर नजाने, जन्मघरै बसेर पढ्ने कुरा गर्दा कलाकी हजुरआमाले माथिको वाक्य बोलेको सन्दर्भमा प्रयोग गरिएको भाषा हो । यस वाक्यले छोरी मान्छे भएर आफ्नो जन्मघरमा बस्न नपाइने त्यस घरको अधिकारका लागि छोरा भएर जन्मनु पर्छ भनेर छोरा र छोरीबीच विभेद गरेको देखिन्छ ।

"माया धेरैले गरेको राम्रै हुने रहेछ तर पोइ एउटा मात्र भएको राम्रो रहेछ । धेरै लोग्ने भएकालाई त रन्डी भन्दा रहेछन् । सबैले थुक्दा रहेछन् । त्यसैले एकैसित जीवन काट्नुपर्ने रहेछ । एकैको जोइ हुनुपर्ने रहेछ" (पृ. ७८) । पहिलादेखि भरत काकासँग प्रेमसम्बन्ध रहेको भागरथी दिदीको वैवाहिकसम्बन्ध भने अर्कै मान्छेसँग भएको र तिनको रोजगारीको क्रममा भारतमा निधन भएको थियो । तर, प्रेमसम्बन्ध भरत काकासँग आजको दिनसम्म जीवित रहेको भनेर जीवनका आफ्ना कथा कलालाई सुनाउने क्रममा भागरथी दिदीले माथिको वाक्य कलालाई भनेकी हुन् । समाजमा पुरुष चाहिँ थोरै केही समस्या हुनासाथ भविष्यको बारेमा केही सोचविचार नगरी स्वविवेकले भ्याएसम्मका कामहरू गर्ने तर महिलाहरू जस्तोसुकै अवस्था आइपरे पनि एउटैसँग जिन्दगी बिताउनु पर्ने भनेर पुरुषहरूलाई हरेक कुरामा स्वतन्त्रता दिइएको छ भने महिलाहरूलाई जकड्याएर राखेको पाइन्छ । भागरथी दिदीले प्रयोग गरेको यो वाक्यको भाषा पनि विभेदमूलक रहेको देखिन्छ ।

"चेली भइबट कति सिन्छइ, उठ्" (पृ. १२४) ।

प्रस्तुत वाक्य छाउघरमा अलिढिलो समयसम्म सुत्दा कलालाई फुपूले छोरी मान्छे भएर छिटो उठ्नुपर्छ भन्ने सन्दर्भमा प्रयोग गरेको भाषा हो । समयको परिवर्तनसँगै हरेक कुराहरूमा परिवर्तन हुँदैगएको भए पनि सुदूरपश्चिमको समाजमा अझै पनि लैङ्गिक असमानता हट्न नसकेको कुरा माथिको वाक्यबाट प्रस्ट हुन्छ ।

"छाउका विषयमा शास्त्रले क्या भन्या छ, बउजू ?"

बउजुले भनिन्- "महिनावरीको पहिलो दिन महिला चण्डाल्नी झैँ घृणित हुन्छे रे, दोस्रो दिन ब्रह्महत्या गर्नेसरहकी अपराधी हुन्छे रे, तेस्रो दिन महिला धोबीनिसरह हुन्छे रे चौथो दिन नुहाइधुवाइ गरी, चोखो कपडा लगाएर गाईको गउँत खाएपछि शुद्ध मानिन्छे रे भनिएको छ शास्त्रमा" (पृ. १७३) । माथिको वाक्य शास्त्रमा प्रयोग गरिएको भाषा हो । परापूर्व कालदेखि नै महिनावारीका नाउँमा महिलाहरूमाथि विभेद गरिदै आएको कुरा प्रस्तुत वाक्यबाट देखिन्छ ।

"तूइखिं पानी हालुँ कि भैंसाखिं घाँस काटु । रोटो पकाइ ल्याउँ कि तेरा लत्ता धोइदिउँ" (पृ. १८८) । माथिको वाक्य रुपा भाउजूकी सासूले भनेकी हुन् । रुपा भाउजू सुत्केरी भएर छाउघरमा बस्दा कपडा धुनको लागि पानी माग्दा सासूले यस्तो वचन लगाएकी हुन् । पितृसत्तात्मक सोचले जकडिएको सुदूरपश्चिममा महिलाहरूले नै महिलालाई विभेद गरेको कुरा प्रस्तुत वाक्यबाट छर्लङ्ग हुन्छ । यो महिलाले नै महिलाको विभेद गरेको सन्दर्भमा अशिक्षित वर्गले प्रयोग गरेको भाषा हो ।

लैङ्गिक दृष्टिले हेर्दा प्रस्तुत उपन्यासमा न्यून मात्रामा सन्तुलित भाषाको प्रयोग भएको पाइए पनि विभेदमूलक भाषाको प्रयोग भने प्राय उपन्यास भरि नै पाउन सकिन्छ । प्रायः शिक्षित वर्गले बोल्ने भाषाको प्रयोग गरिएको भए पनि विभेद ज्यादा देखिन्छ । मुख्यतः सुदूरपश्चिमको समाजलाई समेटिएकोले त्यही समाजमा प्रयोग हुने भाषाको प्रयोग बढी पाइन्छ । केही मात्रामा आगन्तुक, अनुकरणात्मक तथा नेपाली मौलिक शब्दहरू पनि प्रयोग गरिएको पाइन्छ । महिलाहरूले भोगेका समस्याहरू र पाएका पीडाहरूको यथार्थ प्रस्तुतिले उपन्यास अझ मार्मिक बनेको देखिन्छ ।

## ६.२ हिंसाजन्य भाषा

"फुपाजुसँग सुतिरहेको रातनै छाउ भएकी रहिछिन् फुपू । छाउ हुँदा त फुपाजु पैंतीस वर्षका रहेछन् । बिहेको पहिलो रात साथै सुत्न लाग्दा छाउ भएकी रहिछन् । नछुनी भई भनेर फुपाजुले बाहिर गोठमा ल्याएर पिड्का उठ्ने गरी पिट्नुभएछ । हातै भाँचिदिएछन् । उनका हातका औँलाले कुम छुन्न अझै पनि काम्रो बाँधेर सन्चो बनाएको हात के पुग्नू कुममा ! धन्न सन्चो भएछ " (पृ. १२७) ।

फुपूको आफ्नो पहिलो छाउको यथार्थ भोगाइ कलामार्फत यसरी पोखिएको सन्दर्भमा प्रयोग गरिएको भाषा हो । पुरुषवादी स्वार्थी समाजले महिलालाई कठपुतली समान तुल्याएको कुरा प्रस्तुत उपन्यासमा पाउन सकिन्छ । महिलाहरूको कुनै पनि समस्या नबुझ्ने निर्दयी अहम्वादी प्रवृत्ति पुरुषहरूमा व्याप्त रहेको कुरा माथिको वाक्यबाट प्रस्ट हुन्छ ।

"मैले गोपाल बाज्येकी बुहारीलाई पनि सोधेँ । उनले सुरुमा भन्न अनकनाइन । पछि भनिन्- "मु त इस्कुल है भया हुँ । बेन्चमी रगत लागिबट छि.....छि.......।"

हेडसरले पढाइरहेका बेला उठेर अर्को बेन्चमा बस्न लाग्दा पछिल्लो बेन्चको साथीले गोपाल बाज्येकी बुहारीको छाउ रगत देखेर सरलाई भन्दिछन् । त्यसपछि सरले लौरीलौरीले हानेर उनलाई बाहिर निकालेछन्" (पृ. १३८) ।

छाउबारे अत्यन्त जिज्ञासा राख्ने उपन्यासकी प्रमुख पात्र कलाले आफू छाउघरमा बसुन्जेल त्यहाँ आएका प्रायः सबैलाई उनीहरूको पहिलो छाउको अनुभव बताउन लगाएकी छ । यसै क्रममा गोपाल बाजेकी बुहारीले प्रस्तुत अनुभव कलासामु भनेकी हुन् । असल, व्यवहारोपयोगी र समयसापेक्ष शिक्षा आदान-प्रदान गर्ने नामले कहलिएको विद्यालयजस्तो ठाउँ र त्यहाँका शिक्षकहरूमासमेत यस्तो कुरीतिको ढुसी रहेको कुरा माथिको वाक्यहरूबाट स्पष्ट हुन्छ । यस वाक्यमा हिंसाजन्य भाषाको प्रयोग भएको देखिन्छ ।

"को राँडाको चेलो आया छ काखीलाई बोला कला.......ए काखी काखी । बचाया हो, यै पापीले मार्न्याहो काखी ।"

म पनि आत्तिँदै एकै सासमा कराएँ- "काखी काखी, याँ को मान्छे आया छ । मङ्गली दिदीलाई जबरजस्ती.......!"

कपाल लुछेर जोरको थप्पड हान्यो मलाई । आत्तिँदै नाकमुख नै थुन्न थाल्यो

भएभरको बल लगाएर हातमा टोकिदिएँ । मेरो गाला चड्कायो । हुत्याइदियो भित्तातिर मलाई । कच्याककुचुक भएर थुप्रिएँ । टाउको ठोकिएर रून थालेँ । अनि, त्यो मान्छे दिदीलाई अचेट्न थाल्यो निर्दयी भएर ।

मेरो त होसहवास उड्न थाल्यो । चिच्याउँदै फुत्त बाहिर हामफालेँ । अत्तालिँदै पल्लो घरको ढोकामा उभिएर सबैलाई बोलाएँ । आत्तिएर सबै उठे । तीनै जना जोरजोरले कराउँदै मेरो गोठतिर हान्नियौँ " (पृ. १५५ - १५६) ।

समाजदेखि टाढा जङ्गल छेउ एकान्तमा रहेको छाउघरमा बसेका महिलाहरूमाथि रातको समयमा अपरिचित व्यक्तिले आक्रमण गरेको सन्दर्भमा माथिको वाक्यहरू प्रयोग गरिएको हो । यहाँ लैङ्गिक दृष्टिले हिंसाजन्य भाषाको प्रयोग गरिएको पाइन्छ ।

## ६.३ सन्तुलित भाषा

राज सरगमको उपन्यास *छाउघर* मा नेपालको सुदूरपश्चिमको समाजमा जरा गाडेर बसेको रूढिवादी परम्परा र त्यसको सिकार बन्न विवश महिलाहरूको यथार्थ प्रस्तुति पाइन्छ ।

लैङ्गिक दृष्टिले हेर्दा यस उपन्यासमा न्यून मात्रामा सन्तुलित भाषिक प्रयोग रहेको कुरा निम्न उदाहरणहरूबाट पाउन सकिन्छ-

"तु इस्कुल भ्रा । निक्करी पढेइ, नतर मेरा जनरी घाँस काट्ट रे ग्वालो हुनु पड्ला" (पृ. १०) ।

सुदूरपश्चिममा पितृसत्तात्मक सोच र अन्धविश्वास तथा कुरीति प्रशस्त रहेको भए पनि जेहोस् छोरीले पनि छोरा समान पढ्नुपर्छ, दुःखी बन्नुको एक प्रमुख कारण शिक्षा आर्जन गर्न नसक्नु हो भन्ने धारणा कलाको आमामा रहेको छ । त्यस्तै स्कुल नजाँदा आफूले जस्तै घाँस दाउरा र चुलोचौकोमा नै जिन्दगीलाई सीमित राख्नुपर्ने र आफूले यस्ता दुःखहरू भोग्नुको कारण पढ्न नपाउनु हो भन्ने आशयसहित सन्तुलित भाषाको प्रयोग गरिएको छ ।

"सेतो लगाउँदैमा प्रेम सेतो हुँदो रहेनछ । सिन्दूर पुछिँदैमा प्रेम पुछिँदो रहेनछ । सिउँदो खाली हुँदैमा प्रेम खाली हुँदो रहेनछ । भागरथी दिदीको प्रेम देख्दा त्यस्तै लाग्यो । मलाई लाग्यो, भागरथी दिदीको प्रेम अझै रातो भएको छ, रातो घन्टीफूलजस्तो । समयले चुरापोते खोसे पनि प्रेम खोस्न सक्दो रहेनछ । मन खोस्न सक्दो रहेनछ । त्यसैले त आजसम्म पनि उनको प्रेम बाँचिरहेको थियो" (पृ. ६३) ।

प्रस्तुत वाक्यहरू भागरथी दिदीले आफ्नो प्रेम कहानी कलालाई बताएपछि कलाको मस्तिष्कमा आएको विचार हो । प्रेम सम्बन्ध एउटासँग र वैवाहिक सम्बन्ध अर्कैसँग गाँस्न पुगेकी भागरथी दिदीको अत्यन्त हृदयस्पर्शी प्रेम कथाको कारणले चिन्तन गर्न पुगेको सन्दर्भमा प्रयोग गरिएका यी वाक्यहरूमा शिक्षित व्यक्तिहरूले बोल्ने सन्तुलित भाषाको प्रयोग गरिएको छ ।

"साँच्चै भागरथी दिदी, तिम्रो प्रेममा शक्ति रहेछ । तिम्रो प्रेममा ईश्वर रहेछन् । तिमीले साँचो प्रेम गरेकी रहिछौ । मर्नेबेला प्रेमीको काख पनि पायौ । उनैले तिमीलाई बोकेर घाट लगे । उनैले तिमीलाई दागबत्ती दिए ।

तिमीले त प्रेमले जितेकी रहिछौ मनहरू । भागरथी दिदी, तिमीले प्रेमले राखेकी रहिछौ मान्छेहरू" (पृ. ९९) ।

माथिका वाक्यहरू छाउघरमा बस्दा कलालाई अत्यन्त ठूलो सहयोग गर्ने भागरथी दिदीको मृत्यूपश्चात् कलाले स्मरण गरेको सन्दर्भमा आएको विचार हो । आफ्नो गाउँदेखि टाढा बस्दै आएका भरत काका त्यस गाउँमा कुल पूजाको अवसरमा आएका र त्यहाँ रहँदा हरेक दिन छाउघरमा आफ्नी प्रेमिका भागरथीलाई भेट्न जाने गरेका तर एक दिन अचानक विषालु सर्पको आक्रमणले गर्दा छाउघरमै भागरथी दिदीको मृत्यू हुन पुगेको छ । भागरथी दिदीको सम्पूर्ण मृत्यू संस्कार प्रेमी भरत काकाले नै गरेका हुन् । यसै सन्दर्भमा प्रयोग गरिएका यी वाक्यहरूमा लैङ्गिक दृष्टिले हेर्दा सन्तुलित भाषाको प्रयोग गरिएको छ ।

"कला, आज त तिमी उम्कने दिन है ?" रुपा बउजूले सोधिन् ।

"अँ बउजू । तमी कैल झानया हौ घर ?"

"छ अझै केही दिन । घर गएर स्कुल जान नछोड्नू है ।"

"मु क्याइ छोडुलो समयले इस्कुल नझाने बनाइदिनोछब ।"

"समयलाई दोष नदेऊ । समयसँग उज्यालो पनि छ, अँध्यारो पनि । नबिर्सनु है" (पृ. १९५) ।

कलाले छाउघरमा बस्दा रुपा भाउजूमार्फत छाउपडीको बारेमा धेरै कुरा सिक्ने अवसर पाएकी छ । रुपा भाउजूको विचारले कलाको मस्तिष्कमा पूरै परिवर्तन आएको छ । अन्तिम दिन अर्थात बाइसौँ दिन कला छाउघरबाट निस्किएर घर जानेबेला प्रस्तुत संवाद कला र रुपा भाउजूबीचमा भएको हो । यहाँ लैङ्गिक दृष्टिले हेर्दा रुपा भाउजूले प्रस्तुत गरेका वाक्यहरूमा सन्तुलित भाषाको प्रयोग भएको पाइन्छ ।

यसरी लैङ्गिक दृष्टिले हेर्दा प्रस्तुत उपन्यासमा न्यून मात्रामा सन्तुलित भाषाको प्रयोग भएको पाउन सकिन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष एवं उपयोगिता

## ७.१ सारांश

राज सरगमद्वारा लिखित *छाउघर* उपन्यासमा विशेषगरी सुदूरपश्चिमको समाजमा अन्धविश्वास तथा पितृसत्तात्मक सोचले गर्दा महिलाहरूले भोग्नुपरेको पीडाहरूको यथार्थ प्रस्तुति पाइन्छ । छाउपडी प्रथाको कारणले महिलाहरू जन्मदै धार्मिक अन्धविश्वासको साङ्लोले बाँधिने गरेको कुरा स्पष्ट देखाइएको छ । समाजमा रहेको असमानता, भेदभाव, गरिबी, बलात्कार, हत्या, हिंसा र नारीमाथि हुने गरेको अमानवीय क्रियाकलाप देखाउँदै समाधानका लागि उपन्यासकी प्रमुख पात्र कलाका माध्यमबाट समाजका यस्ता कार्यबाट मुक्त हुनका लागि आ-आफ्नो ठाउँबाट कदम चाल्नुपर्ने कुरा देखाइएको छ । यस उपन्यासमा समाजमा व्यापक रूपमा महिलामाथि अन्याय, अत्याचार, दमन, शोषण, हत्या, हिंसा, धर्मको नाममा महिलामाथि हिंस्रक व्यवहार, गरिबीजस्ता कुराहरू भेटिन्छ । समयको परिवर्तनसँगै हरेक कुराहरूमा परिवर्तन हुँदै गएको भए तापनि छाउपडी प्रथा ज्यूँ का त्यूँ रहेको भनेर देखाइएको छ । छाउपडीको अवस्था हेर्दा सुदूरपश्चिम अझै ढुङ्गे युगतिर रहेकोजस्तो देखिन्छ । त्यहाँको समाज शिक्षितजस्तो देखिए पनि समय र व्यवहार अनुकूल शिक्षा प्राप्त गर्न नसकेको र परम्परागत सोच, चिन्तनमैँ जकडिएको पाइन्छ । पितृसत्तात्मक सोचबाट अगाडि बढेकाले समाजका समस्याहरू समाधान हुनुको साटो झन विकराल बन्दै गएको छ । असल, व्यवहारोपयोगी र समयसापेक्ष शिक्षा दिने नामले कहलिएको विद्यालयजस्तो ठाउँ पनि अन्धविश्वास र कुरीतिको जालोभित्र रहेको कुरा गोपाल बाजेकी बुहारीलाई विद्यालयमा रजस्वला हुँदा हेड्सरले गरेको व्यवहारबाट प्रस्ट हुन्छ । यो अवस्था हेर्दा विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूले सुदूरपश्चिममा छाउघर भत्काउने विभिन्न कार्यक्रमहरू पुऱ्याएको भए तापनि मानसिक रूपमै भत्काउनेखालका कुनै कार्यक्रमप्रति सरकारको ध्यान नपुगेकोजस्तो देखिन्छ ।

सामाजिक उपन्यास *छाउघर* ले समाजका घटनालाई यथार्थ रूपमा प्रस्तुत गरेको छ । प्रगतिवादी सोचसहित समाजमा परिवर्तन, स्वतन्त्रता, समानताको खोजी, रूढिवादी परम्परा

तथा छाउघरको अन्त्य गर्नुपर्ने यस उपन्यासको प्रमुख उद्देश्य रहेको छ । उपन्यासमा उपन्यासकी प्रमुख पात्र कला २२ दिनसम्म छाउघरमा बस्दा देखे-भोगेका, सुनेका अनुभवहरू अर्थात् उसको दिनचर्या प्रस्तुत गरिएको छ । पितृसत्तात्मक मानसिकताको प्रकटीकरण, नारी अस्मिता, नारी समानता, समाजले छाउ भएका महिलालाई हेर्ने दृष्टिकोण, धर्म संस्कृतिको नाममा महिलामाथि गरिने विभेद, पितृसत्तात्मक परम्परा, नारी अस्तित्वप्रति हाम्रो समाज कुन हदसम्म लाचार छ भन्ने कुरा देखाइएको छ । समाजमा महिला पनि आफ्नो अस्तित्वको स्वतन्त्रताका लागि विद्रोहमा उत्रन साहस राख्छन् भन्ने कुरा कलाको माध्यमबाट देखाइएको छ । उपन्यासमा कथित नारी आदर्शको पर्खाल नाघ्न नसकी नाम मात्रको जीवन बाँचिरहेका समाजका आममानिसहरूभन्दा नितान्त पृथक चरित्रका केही महिलालाई केन्द्रीय पात्र तुल्याएर उनीहरूकै माध्यमबाट क्रान्तिकारी सामाजिक दर्शनलाई देखाइएको छ । भौतिक सुविधाको लोभमा परेर आफ्नो अस्तित्व मारेर बाँच्नुभन्दा बरु त्यागी बन्न तयार हुन्छन् भन्ने कुरा यस उपन्यासका केही घटनाबाट बुझ्न सकिन्छ । महिला परम्पराको नाममा समाजमा चल्दै आएको रुग्ण परिपाटीप्रति नतमस्तक भई अस्तित्व शून्य जीवन रोज्न अब कुनै हालतमा पनि तयार हुनुहुन्न, विद्रोह नै अस्तित्वप्रतिको शक्ति हो भन्ने सन्देश प्रस्तुत उपन्यासमा पाइन्छ । यस उपन्यासको लैङ्गिक अध्ययनमा समाजको अवस्था, लैङ्गिक भूमिका, चारित्रिक भूमिका, वैचारिक पक्ष, लैङ्गिक चेतना, लैङ्गिक भाषा आदिका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

## ७.२ निष्कर्ष

*छाउघर* उपन्यासको लैङ्गिक अध्ययनबाट निम्नानुसार निष्कर्ष निकालिएको छ :

- *छाउघर* उपन्यासलाई लैङ्गिक भूमिकाको आधारमा हेर्दा उत्पादक, अनुत्पादक, सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक भूमिकामा महिला र पुरुषको समान सहभागिता नरहेको पाइयो ।
- पात्रगत दृष्टिले तुलना गर्दा महिला र पुरुषको भूमिकामा समान सहभागिता रहेको पाइयो ।
- उपन्यासका अधिकांश पात्रहरू रूढिवादी मानसिकताबाट ग्रसित भएको पाइयो ।
- भाषिक प्रयोगको दृष्टिकोणले हेर्दा सुदूरपश्चिममा प्रयोग हुने स्थानीय भाषा, आगन्तुक शब्दहरू, अनुकरणात्मक शब्द तथा ठेट नेपाली भाषाको प्रयोग गरिएको पाइयो ।

- लैङ्गिक दृष्टिकोणले हेर्दा महिला र पुरुषलाई फरकफरक तवरले हेरिएको पाइयो ।
- पितृसत्तात्मक सोच र अन्धविश्वासमा जकडिएको समाजका कुसंस्कार र नारीप्रतिको कुदृष्टिलाई प्रतिकार गर्दै स्वअस्तित्वसहित स्वतन्त्रताको बाटो अँगाली विद्रोह गर्न सकिने कुरा प्रस्तुत उपन्यासमा पाइयो ।
- महिलाहरूको उत्थान, आत्मनिर्भरता र स्वस्थ समाज निर्माणका लागि सङ्घर्षको आवश्यकता छ भन्ने सन्देश दिइएको पाइयो ।
- महिला सशक्तीकरणका दृष्टिकोणबाट हेर्दा पुरुषको तुलनामा महिला बढी सक्रिय भएको पाइयो ।
- महिलाहरूलाई आधुनिक दृष्टिकोणबाट नहेरी परम्परावादी दृष्टिकोणबाट हेरिएको पाइयो ।
- सामाजिक हक अधिकारका दृष्टिले असमान जीवन बाँचिरहेका महिलाहरूलाई सशक्तीकरणका माध्यमबाट मूलधारमा ल्याउन आवश्यक छ भन्ने विचार उपन्यासमा पाइन्छ ।

## ७.३ उपयोगिता

प्रस्तुत शोधपत्रको अध्ययनपश्चात् निम्न तहमा उपयोगी हुन सक्ने देखिन्छ :

### ७.३.१ नीतिगत तह

- लैङ्गिकतासम्बन्धी विभिन्न किसिमका नीति, नियम एवम् कार्यविधिहरू निर्माणमा सहयोग मिल्छ ।
- लैङ्गिक समानताको अवस्थाबारेमा जानकारी लिन सहयोग पुऱ्याउँछ ।
- लैङ्गिक समानता स्थापनार्थ सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमको विश्लेषण गर्न मद्दत गर्छ ।
- लैङ्गिकताको क्षेत्रमा काम गर्ने तथा अन्य जिज्ञासु वर्गका लागि थप ज्ञान प्रदान गर्न सहयोग पुऱ्याउँछ ।

### ७.३.२ प्रयोगगत तह

- परम्परागत पितृसत्तात्मक धारणा परिवर्तन गरी सामाजिक, सांस्कृतिक अन्धविश्वासको निराकरण गराउन सहयोग मिल्छ ।

- समाज परिवर्तनका लागि महिला र पुरुषको समान भूमिका भएकाले महिलालाई पनि मानवीय व्यवहार गर्ने कार्यमा सहयोग पुग्छ ।
- *छाउघर* उपन्यासमा रहेको लैङ्गिकताको अध्ययनले लैङ्गिक समानता, समता र सशक्तीकरणको जानकारी पाई लैङ्गिक विभेदबाट मुक्ति दिलाउने कार्यमा सहयोग मिल्छ ।
- *छाउघर* उपन्यासको लैङ्गिक अध्ययन हालसम्म नभएकाले यो अध्ययनीय विषयका रूपमा रहन्छ ।
- लैङ्गिक चेतना र दृष्टिकोणका अतिरिक्त भाषिक प्रयोगबाट सिर्जित *छाउघर* उपन्यासको नवीन सौन्दर्य शिल्प उद्घाटन र मूल्याङ्कन गर्नको लागि प्रस्तुत शोधकार्य महत्त्वपूर्ण रहेको छ ।
- समाजका शिक्षित, अशिक्षित, ग्रामीण, सहरीया परिवेशका व्यक्तिहरूको लैङ्गिकतासम्बन्धी कस्तो धारणा रहेछ भन्ने कुराको जानकारी लिन सहयोग पुग्छ ।

# सन्दर्भसूची


अर्याल, भोजेन्द्र (२०६८), *लैङ्गिक तथा महिलावादी अध्ययन,* काठमाडौँ : ज्ञानकुञ्ज प्रकाशन ।

आचार्य, बलराम (२०७१), *लैङ्गिक र महिलावादी अध्ययन,* काठमाडौँ : नेसनल बुक सेन्टर ।

कानुन किताब व्यवस्था समिति (२०७२), *नेपालको संविधान,* काठमाडौँ ।

कार्की, मञ्जुदेवी (२०७३), '*अर्की आइमाई* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

खनाल, पेशल (२०७३), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

खनाल, राजेन्द्र (२०६६), 'पहेँलो गुलाफ कथामा लैङ्गिक चेतना' *सम्प्रेषण* : अङ्क छ, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

खनाल, राजेन्द्र (सन् २०१२), लैङ्गिक दृष्टिले वी.एड्का पाठ्यांशको मूल्याङ्कन, *जे.एम्.सी. रिसर्च जर्नल ।*

घिमिरे, मुरलीधर (२०७३), *शोधप्रस्तावका अङ्गहरू,* त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागद्वारा आयोजित शोधपत्र लेखनसम्बन्धी अभिमुखीकरण कार्यक्रम २०७३/१२/१४ मा प्रस्तुत अवधारणा पत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

धरेल, संगीता (२०७३), '*कालो छायाँ* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

पोखरेल, बालकृष्ण र अन्य, सम्पा. (२०५८), *नेपाली बृहत् शब्दकोश,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, ज्ञानु (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी ।

पौडेल, धनमाया देवी (२०७०), '*अनावृत्त* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

पौडेल, सन्दीप (२०६९), '*समानान्तर आकाश* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

पौड्याल, राधा (२०७२), '*ह्वाइट केन* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

बन्धु, चूडामणि (२०६४), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा. लि. ।

भण्डारी, निरा (२०७१), '*अनुराधा* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन कला,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

महरा, यज्ञबहादुर (२०६८), 'निम्न माध्यमिक तह कक्षा छ र सातको नेपाली पाठ्यपुस्तकको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

रोका, ताराकुमारी (२०७०), 'कक्षा आठको पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग,* काठमाडौँ : नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, तिलमाया (२०६७), '*तीनघुम्ती* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

सरगम, राज (२०७३), *छाउघर* उपन्यास, काठमाडौँ : फाइनप्रिन्ट प्रा. लि., विशालनगर ।

सुवेदी, रमिला (२०७३), '*अतृप्त* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

## परिशिष्ट

"ओइ ! आज सौरवले खाजा ख्वायो है । पैसा तिर्नेबेला हामी चुप् । सौरवले रस्मीको मुख हेर्दैथ्यो । मैले वास्ता नगरेजस्तो गर्दै फस्यो केटो आज ।"

कलेजका केटाकेटीहरूले कुरा गर्दै हिँडेको सन्दर्भबाट यो सामग्री लिइएको हो । यहाँ केटीहरू आफूलाई तल पारेर पनि खुसी महसुस गरेका छन् । केटाको अगाडि आफूहरूलाई कमजोरजस्तो देखाएका छन् । यस वाक्यमा हेर्दा केटा सक्रिय नेतृत्ववानजस्तो देखिन्छ भने केटीहरू निष्क्रियजस्ता देखिएका छन् ।

परिवारका सदस्यहरूले आफ्नो घरमा कुराकानी गर्दै गरेको प्रसङ्ग...

पुरुष : श्रृङ्खला भाइ खै त ?

महिला : खै बाबा ! साथीहरूसँग घुम्न जान्छु भन्दैथ्यो । घरबाट त दिउँसो एक बजेतिर नै हिँडेको ।

पुरुष : कहाँ चैँ गयो होला त ?

महिला : खै ! अब एकछिनमा आउला नि ।

पुरुष : पर्सी चुनावको लागि भोलि त गाउँ जानुपर्छ कि भनेको । त्यो लाटा आएदेखि सल्ला गर्न हुन्थ्यो । गाडी पनि प्याक हुन्छ, समय यही हो के हुन्छ केही थाछैन । त्यही भएर तिमीहरू आमाछोरी बस । भाइ र म पुगेर आउँछौँ है । हामी दुईजना गएपछि एस्सो प्रतिनिधि जस्तो पनि हुन्छ । ती दाईहरूले पनि केही भन्दैनन् । त्यही भएर भोलि जानुपर्ला जस्तो छ .......।

माथिको संवाद परिवारका सदस्यहहरूबीच गरिएको हो । यहाँ चुनावकोबेला गाउँमा भोट हाल्न जाने प्रसङ्गमा कुराकानी गरिएको छ । यस संवादलाई लैङ्गिक दृष्टिले हेर्दा प्रशस्त असमानता रहेको पाउन सकिन्छ । संवादमा छोराचाहिँ बाहिर साथीहरूसँग घुम्न दिउँसोदेखि नै गएको तर छोरी भने घरैमा रहेको पाइएको छ । त्यस्तै आफूहरू बाबुछोरा मात्र भोट हाल्न जाने भन्दै श्रीमती र छोरीलाई कोठामै बस्न भनिएको छ । उनीहरूको लागि यो भोट हाल्ने समय अनुकूल नहुने, यतिबेला बाहिरतिर हिँड्न पनि असहज हुने भनिएको छ ।

२०७४ को मतदान कार्यक्रमको प्रसङ्ग..

महिला १ : खाना खानुभयो आमा ?

महिला २ : खाको । नानीहरूले नि ?

महिला १ : अँ अगिनै खाको । त्यही भएर जाडो भयो अनि घाम ताप्न आको यहाँ ।

अनि आमा अस्ति भोट हाल्नुभयो त ?

महिला२ : अँ हालेको त ।

महिला१ : अगाडिको पटक पनि हाल्नुभयो त ?

महिला२ : अस्तिसम्म दुईपल्ट ।

महिला१ : बिहानै गाको कि दिउँसो ?

महिला२ : बिहानै त के भ्याए पो जानु, दिउँसो गाको पल्लो घरको बहिनी र मसँगै गाको त होनी ।

महिला१ : अनि बा चैं ?

महिला२ : बा त के काम छ र बिहानै गएर हाल्नुभाको ।

महिला१ : ल बा आमासँगै जानुपर्छ नि त ।

महिला२ : के जानु नानी बालाई १० बजे खाना नखाई हुन्न । अनि गएर आउँदा खाना बनाउन ढिला हुन्छ । बरु खाएर हिँड्यो जोजो जताजता गए पनि ढुक्क भनेर खाइओरी घरको काम सकेर गाको ।

महिला१ : भनेपछि दिउँसो त केटा मान्छे भन्दा आमाहरू जस्ता बढी हुनुहुन्थ्यो होला है ?

महिला२ : छ न त दुइटै थे तर तेही त हो सबैलाई मलाई जस्तै काम होला नि घरको काम बिहान त । अनि दिउँसो हामीजस्ता अलि बढी ।

महिला१ : रमाइलो भयो उसोभए ?

महिला२ : अँ भयो । नानीहरू त जानु भएन है ?

महिला१ : तेत्तिकै भैगोनी ।

महिला२ : बाबा ममी त जानुभयो होला ?

महिला१ : अँ गाको भन्नुहुन्थ्यो । घाम ताप्न पुगेन अब ?

महिला२ : अब एकछिन् बस्छु अनि लुगा धुनु छ फेरि घाम जान्छ ।

महिला१ : हो त धुनु अब तेसो भए म नि जान्छु अब ।

महिला २ : ल ल जानु, म एकछिन पछि आउँछु ।

महिला१ : हुन्छ आमा ।

२०७४ मा भएको चुनावमा मतदान गर्ने क्रममा बिहानको समयमा प्रायः मतदान गर्नेमा महिलाहरूभन्दा पुरुषहरूको सङ्ख्या बढी रहेको कुरा विभिन्न सञ्चार माध्यमहरूले जानकारी गराएको पाइएको छ । बिहान अधिकांश महिलाहरू घरको काममा व्यस्त रहेकाले एघार बजेभन्दा पछाडि मात्र मतदान केन्द्रहरूमा महिलाहरूको सङ्ख्या बढ्दैगएको पाइएको छ । माथि गरिएको कुराकानीबाट पनि महिलाहरूले बिहान घरको काम गर्नु पर्ने हुनाले घरको काम सकेर दिउँसो मात्र गएको भन्ने जानकारी पाइएको छ ।

समान उमेरका महिलाहरू बीचमा गरिएको कुराकानी..

महिला१ : तेरो घरमा कस्ले खाना बनाउँछ ?

महिला२ : कैलेकैले म नत्र सँधै ममीले ।

महिला१ : तेरो ब्याजलर सक्यो ?

महिला२ : अँ छ नि अझै सेकेन्डइयरको दुईटा छ यार । पढ्नै झ्याउ पो लाग्न थालिसक्यो भन्या ।

महिला१ : अरु के गर्दै छस् त ?

महिला२ : पार्लर सिक्दैछु ।

महिला१ : मैले नि त सिकेको हो नि एक वर्ष । बाहिर जान अलि सजिलो हुन्छ रे भनेर सिकेको । मेरो इङ्गेजमेन्ट भैसक्यो नि त ।

महिला२ : ओइ होर ! कैले नि ?

महिला१ : तीन महिना भयो । अहिले बाहिर छ । अब फागुनमा आउँछ अनि बिहे हुने रे । उसैले यो सिक्दा बाहिर सजिलो हुन्छ भन्यो अनि सिकेको नि ।

महिला२ : केही नसिकेत सारै गारो छ है ?

महिला१ : अँ त । केही न केही त सिक्नै पर्छ अनि आफूलाई पनि सजिलो हुन्छ । भोलि यसैमा राम्रो गर्दै गयो भने त भै गो नि है....।

माथिको कुराकानी समान उमेर समूहका महिलाहरूबीचमा भएको छ । कुराकानीको सुरुवातमा दुबैजनाको घरमा महिलाहरूले मात्र खाना बनाउने गरेको चर्चा गरिएको छ । त्यसपछि भने आआफ्ना भविष्यकोबारेमा कुरा गरिएको छ । कुनै पनि सीप सिकेमा आफैँलाई भोलिका दिनहरूमा सजिलो हुने, अर्काको भर पर्नु नपर्ने कुरा गरिएको छ ।

शिक्षित असमान उमेर समूहका महिला र पुरुषबीचको कुराकानीको प्रसङ्ग..

पुरुष : बहिनी पाकेन अब त ?

महिला : अब पाकिसक्न लाग्यो । किन र धेरै भोक लागिसक्यो ?

पुरुष : अँ भनेको । मैले त बिहान पनि खाको छैन ।

महिला : किन नखाको त ?

पुरुष : अल्छी लागेर । यो पकाउने काम त मलाई यति अल्छी लाग्छ कि । मलाई दुई काम सारै अल्छी लाग्छ ।

महिला : के के काम ? एउटा त पकाउन नै भै गो, अर्को ?

पुरुष : लुगा धुन ।

महिला : आफ्नो काममा पनि यस्तो अल्छी मानेर हुन्छ त ?

पुरुष : सारै अल्छी लाग्छ भन्या । मैले बिहे गरेपछि त यो दुई काम कहिल्यै छुन्न । बरु अन्य काममा हेल्प गर्छु ।

महिला : अनि भाउजु पनि हजुरजस्तै हुनुभयो भने ?

पुरुष : आ होस् म चैँ गर्दिन ।

महिला : कति आनन्द है । हजुरहरूलाई त आफ्नो काम पनि अप्सनमा है । गरे पनि हुने नगरे पनि हुने ।

पुरुष : अरु काममा त हेल्प गर्छु ।

महिला : ल ल भयो । हेर्दै जाँदा देखिएला नि ?

पुरुष : हुन्छ ।

महिला : भयो अब अहिले नै सबै भनिहाल्नु हुन्न । अब खाना खानुपर्छ बस्नु.......।

माथि दुबैजना शिक्षित व्यक्तिहरूबीचमा कुराकानी भएको छ । आजका पिँढीहरूको मस्तिष्कमा पनि विभेदको प्रतिबिम्ब रहेको, पढाइमा डिग्री गरेको भए पनि बुद्धिमा भने साधारण व्यक्तिहरूभन्दा कम्ति नरहेको कुरा माथिको कुराकानीको प्रसङ्गबाट प्रस्ट हुन्छ ।

शैक्षिक दृष्टिले समान तहका महिलाहरूबीचको कुराकानीको प्रसङ्ग...

महिला१ : कति भयो क्लास लिन थाल्नुभएको ?

महिला२ : दश दिन जति भयो होला । हजुर नि ?

महिला१ : म त पाँच दिन जति भयो ।

महिला२ : पछाडि फेरि दोहोऱ्याउँछ नि केही हुन्न ।

महिला१ : हजुरको घर कहाँ हो ?

महिला२ : काभ्रे । हजुरको ?

महिला१ : पूर्वी रुकुम । दुवैजना सँगै बस्ने हो ?

महिला२ : नजिकै ।

महिला१ : सजिलो रैछ नि डिस्कस् गर्दै पढ्नलाई । राम्रोसँग पढ्नु है, केही टेन्सन पनि छैन । मेरो त सानो बाबु छ उसलाई हेर्नुपर्छ । सरको कपडा फोहोर हुन्छ त्यो पनि धुनै पऱ्यो ।

महिला२ : सरलाई पनि गर्न लगाउनु के अलिअलि काम त ।

महिला१ : अँ केही गर्नु हुन्न भित्रको काम त । बिहानै खाना बनाएर आउँछु । अब गएर बाबुलाई खाना खुवाएर स्कुल पुऱ्याउनुपर्छ । अनि केके काम गर्न थाल्यो दिन त उस्सै जान्छ । अलि पढने भनेको यहीँ हो ।

महिला२ : आजबाट अलिअलि काम गर्न क्लास दिनु रुममा पनि ।

महिला१ : बिहे गरेपछि त टेन्सन पनि थपिँदै जानेरछ पढ्न पनि रहर हुँदाहुँदै नि नसकिने । हजुरहरूलाई त यस्तो टेन्सन छैन राम्रोसँग पढ्नु जागीर खानु है ।

महिला२ : हवस् हजुर । अब भोलि भेटौँला है बाई बाई ।

महिला१ : बाई... ।

माथिको कुराकानी महिला महिलाकोबीचमा भएको हो । समय जतिसुकै परिवर्तन हुँदै गएको भए पनि समाजमा महिलालाई आफ्नो इच्छाअनुसारका कामहरू गर्न कठिनाइ भएको र विवाह पछि आफूले सोचेबमोजिम हुन कठिन पर्ने कुरा गरिएको छ ।

असमान उमेर समूहका महिलाहरूबीचको कुराकानी...

महिला१ : के छ हालखवर ?

महिला२ : ठिक छ दिदी । हजुरको के छ ?

महिला१ : मेरो नि ठिक छ । के हो दरो पढ्दैछौ त ?

महिला२ : इक्जाम छ भोलि अनि नपढेर के गर्नु ।

महिला१ : होर ! कतिबेला होनि ?

महिला२ : १० बजेदेखि १ बजेसम्म छ ।

महिला१ : ए ए । तेसो भए इक्जाम सकेर तेतैबाट हाम्रो रुममा आउन ल ।

महिला२ : हुन त हुन्थ्यो, फेरि भोलि त इक्जाम सकेर घुम्न जाने भनेको वसन्तपुरतिर ।

महिला१ : ल ल जाऊ उसो भए । सबै साथीहरू घुम्न जाने होला ?

महिला२ : अँ ब्वाइफ्रेन्डसँग जाने ।

महिला१ : एस्तो प्लान रछ काँ मैले बोलाएँ । जाऊ जाऊ अर्को हप्ता आउन टाइम मिलाएर है ।

महिला२ : हस् दिदी ।

महिला१ : भोलिको इक्जाम चैँ राम्रो गर है । भनेपछि भोलि बेलुका मात्र आउने होला याँ त है ?

महिला२ : अँ भोलि त मज्जाले घुम्ने हो ।

महिला१ : तेसो भए पढ आज चैँ जाऊ । अब इक्जाम सकेर गफ गर्नुपर्छ ।

महिला२ : हस् ।

समय परिवर्तन हुँदैजाँदा महिलाहरूमा पनि परिवर्तन आएको कुरा माथिको कुराकानीको प्रसङ्गबाट अनुमान गर्न सकिन्छ । आजको परिवर्तित समयमा पनि हाम्रो कतिपय समाजमा केटा र केटी बोल्नु हुँदैन भन्ने मान्यता रहेको छ । तर यहाँ भने महिला२ ले महिला१ सँग आफू परीक्षा सकेर केटा साथीसँग घुम्न जाने कुरा खुलस्त रूपमा राखेको पाइन्छ ।

समान उमेरका महिला र पुरुषबीचको कुराकानीको प्रसङ्ग...

पुरुष : के छ हालखवर, सन्चै छौ ?

महिला : अँ । तिम्रो के छ ?

पुरुष : मेरो नि ठिक छ । अनि के गरेर बस्दैछौ हिजोआज ?

महिला : केही छैन, उस्सै घुम्ने हिँड्ने त्यही हो । तिमी नि के गर्दैछौ ?

पुरुष : म नि केही छैन ओ... तेस्तो । अनि कत्तिको पढ्दैछौ ?

महिला : अलिअलि । तिमी त दरो पढ्दैछौ होला है ?

पुरुष : हल्का । राम्रोसँग पढ है । पढ्न छोड्यो भने त छोडेको छोड्यै हुन्छ । जसरी पनि जागीर त खानैपर्छ । भन्ने बित्तिकै त कस्को पो हुन्छ र नपढी ?

महिला : भनेको त होनी । त र के के ।

पुरुष : केही होइन । पढ है.....

महिला : हस् । तिमी पनि पढ ।

माथिको कुराकानी समान उमेर समूहका शिक्षित महिला र पुरुषबीचमा भएको हो । यहाँ महिलाभन्दा पुरुष अलिबढी सक्रिय र निर्णायकजस्तो देखिएको पाइन्छ । पढेर जागीर खानुपर्छ भन्ने प्रसङ्गमा कुरा भएको छ । जेहोस् यो संवाद हेर्दा समयअनुसार महिला र पुरुषबीचको सोचाइमा केही परिवर्तन आउन थालेको देखिन्छ ।

समान उमेरका शिक्षित महिला र पुरुषबीचको कुराकानीको सन्दर्भ....

पुरुष : बुहारीले त अगाडि खाना खानु हुँदैन ।

महिला : किन ? के हुन्छ ?

पुरुष : म त अगाडि खाना खाइ भने याँ त यस्तै हो भनौँला तर घरमा दिन्न ।

महिला : के गर्नुहुन्छ ?

पुरुष : म त त्यसलाई निस्केर गैहाल् भन्छु ।

महिला : ओहो ! यस्तो हिम्मत आउँछ ? देखौँला भाउजुले नै छोडेको ? आजको समयमा त यस्तो व्यवहार गरेको मन पराउने कोही हुन्नन् दाजु बुज्नुभयो । यस्तो कुरा गर्नेले त भाउजु भेट्नै मुस्किल पर्ला है । मसँग त भनिहाल्नुभो तर अरुसँग यस्तो विषयमा गफ नगर्नु ।

पुरुष : किन ?

महिला : आफैँ सोच्नुस् ।

पुरुष : त्यही भएर मलाई राम्रो सिलस्वभाव भाको केटी बिहे गर्न मन छ ।

महिला : यस्ता विचार राख्नेले त धेरै राम्रो केटी पाउनुहुन्छ । गर्नुगर्नु कस्तो मन छ तेस्तै ..... ।

माथि महिला र पुरुषकोबीचमा कुराकानी भएको छ । यी दुबैजना शिक्षित भए पनि पुरुषको सोचाइ अत्यन्त परम्परावादी किसिमको देखिन्छ । महिला आफ्नो ठाउँमा अडिग रहेर बोलेको तर पुरुषले महिलामाथि अत्यन्त हेपाहा प्रवृत्ति राखेर बोलेको पाइन्छ ।

# व्यक्तिवृत्त



नाम : विद्या कोइराला

जन्ममिति : २०४९/०२/२०

माता : मञ्जु कोइराला

पिता : विष्णुमणि कोइराला

स्थायी ठेगाना : कमलामाई नगरपालिका ६, सिन्धुली

अस्थायी ठेगाना : बानेश्वर, काठमाडौँ

लिङ्ग : महिला

भाषा : नेपाली

धर्म : हिन्दु

राष्ट्रियता : नेपाली

इमेल : bidhyasindhuli@gmail.com

शैक्षिक योग्यता

| तह | शिक्षण संस्था | उत्तीर्ण साल | श्रेणी |
|---|---|---|---|
| एस.एल.सी. | श्री जनज्योति उ.मा.वि फोस्रेटार,सिन्धुली | २०६४ | प्रथम |
| प्रमाणपत्र | श्री शङ्करेश्वर उ.मा.वि., सिन्धुली | २०६७ | द्वितीय |
| स्नातक | सिद्धज्योति शिक्षा क्याम्पस, सिन्धुली | २०७१ | द्वितीय |
| स्नातकोत्तर | त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौँ | २०७३ | B+ |